# पञ्चवर्षीय शिक्षा योजना

## (२०८१/०८२-२०८५/०८६)


रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल


२०८१

# पञ्चवर्षीय शिक्षा योजना

## (२०८१/०८२-२०८५/०८६)

रघुगंगा गाउँपालिका

रघुगंगा गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

मौवाफाँट, म्याग्दी,

गण्डकी प्रदेश, नेपाल

२०८१

<u>विषयसूची</u>


प्रमुखको भनाइ
उप-प्रमुखको भनाइ
प्रमुख प्रशासकीय अधिकृतको भनाइ
शिक्षा, युवा तथा खेलकुद शाखाको भनाइ

१. विषय प्रवेश १
२. शिक्षा योजना निर्माणको आवश्यकता १
३. स्थानीय तह योजना निर्माणको औचित्य २
४. शिक्षा योजना निर्माणको आधार २
५. शिक्षा योजना निर्माण प्रक्रिया ३
६. योजनाको लेखाजोखा ४
७. योजना दस्तावेजको स्वरुप ४
८. अनुगमन तथा मूल्याङ्कन ४

परिच्छेद एकः परिचय
१.१ वर्तमान अवस्था ५
१.१.१ गाउँपालिकाको परिचय ६
१. १. २ गाउँपालिकाको सिमाना ७
१.१. ३ गाउँपालिकाको वडागत घरधुरी सङ्ख्या तथा जनसङ्ख्या ७
१.१.४ गाउँपालिकाको शैक्षिक अवस्था ८
१.१.४.१ विद्यालयगत विवरण ८
१.१.४.२ जातिगत र तह अनुसार विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरूको सङ्ख्या ९
१.१.४.३ शिक्षक विवरण १०
१.१.४.४ गाउँपालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था १०
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण १३
१.३ शिक्षा क्षेत्रका चुनौतीको **SWOT** विश्लेषण १३
१.४ गाउँपालिकाको नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू १७

परिच्छेद दुईः दुरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य
२.१ योजना निर्माणका आधारहरु १८
२.२ दुरदृष्टि १९
२.३ ध्येय १९

२.४ उद्देश्य १९
२.५ रणनीतिहरू २०
२.६ कार्यनीतिहरु २२
२.७ अपेक्षित मुख्य उपलब्धि २४
२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य २५

परिच्छेद तीनः शिक्षाका उप-क्षेत्रहरू
३.१ प्रारम्भिक बालविकास र शिक्षा २८
३.१.१ परिचय २८
३.१.२ वर्तमान अवस्था २९
३.१.३ उद्देश्य २९
३.१.४ रणनीतिहरू २९
३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३०
३.२ आधारभूत शिक्षा ३२
३.२.१ परिचय ३२
३.२.२ वर्तमान अवस्था ३२
३.२.३ लक्ष्य ३४
३.२.४ उद्देश्य ३४
३.२.५ रणनीतिहरू ३४
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३६
३.३ माध्यमिक शिक्षा ३८
३.३परिचय १. ३८
३.३.२ वर्तमान अवस्था ३८
३. ३. ३ लक्ष्य ४०
३. ३. ४ उद्देश्य ४०
३. ३. ५ रणनीतिहरू ४१
३. ३. ६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४२
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम ४४
३.४.१ परिचय ४४
३.४.२ वर्तमान अवस्था ४४
३.४.३ लक्ष्य ४५
३.४.४ उद्देश्य ४६
३.४.५ रणनीति ४६
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४६
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ४७
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ४८

३.५.१ परिचय ४८
३.५.२ वर्तमान अवस्था ४८
३.५.३ उद्देश्य ४८
३.५.४ रणनीति ४९
३.५.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४९

परिच्छेद चारः अन्तर सम्बिन्धत विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ५१
४.१.१ परिचय ५१
४.१.२ वर्तमान अवस्था ५२
४.१.३ समस्या ५३
४.१.४ उद्देश्य ५३
४.१.५ रणनीतिहरू ५४
४.१.६ उपलब्धि ५५
४.२ शिक्षक व्यवस्थापन र विकास ५५
४.२.१ परिचय ५५
४.२.२ वर्तमान अवस्था ५६
४.२.३ लक्ष्यहरु ५७
४.२.४ उद्देश्यहरू ५७
४.२.५ रणनीतिहरू ५८
४.३ शिक्षामा समता र समावेशीकरण ६१
४.३.१ परिचय ६१
४.३.२ वर्तमान अवस्था ६२
४.३.३ उद्देश्य ६३
४.३.४ रणनीति ६३
४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य ६४
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ६६
४.४.१ परिचय ६६
४.४.२ वर्तमान अवस्था ६६
४.४.३ उद्देश्य ६६
४.४.४ रणनीति ६७
४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य ६७
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ७०
४.५.१ परिचय ७०
४.५.२ वर्तमान अवस्था ७०
४.५.३ उद्देश्य ७०

| | |
|---|---|
| ४.५.४ रणनीति | ७१ |
| ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य | ७१ |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | ७३ |
| ४.६. १ परिचय | ७३ |
| ४.६. २ वर्तमान अवस्था | ७३ |
| ४.६. ३ उद्देश्य | ७४ |
| ४.६. ४ रणनीति | ७४ |
| ४.६. ५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य | ७४ |
| ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ७७ |
| ४.७.१ परिचय | ७७ |
| ४.७.२ वर्तमान अवस्था | ७७ |
| ४.७.३ उद्देश्य | ७८ |
| ४.७.४ रणनीति | ७८ |
| ४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य | ७८ |
| परिच्छेद पाँचः उच्च शिक्षा | |
| ५. १ परिचय | ८० |
| ५. २ लक्ष्य | ८० |
| ५. ३ उद्देश्य | ८० |
| ५. ४ रणनीतिहरू | ८० |
| परिच्छेद ६ः सुशासन तथा व्यवस्थापन | |
| ६. १ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता | ८१ |
| ६. १. १ परिचय | ८१ |
| ६. १. २ वर्तमान अवस्था | ८२ |
| ६. १. ३ उद्देश्य | ८२ |
| ६. १. ४ रणनीति | ८३ |
| ६. १. ५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य | ८३ |
| ६. २ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ८६ |
| ६. २. १ परिचय | ८६ |
| ६. २. २ वर्तमान अवस्था | ८६ |
| ६. २. ३ उद्देश्य | ८७ |
| ६. २. ४ रणनीति | ८८ |
| ६.२.५ उपलब्धि, नतिजा र लक्ष्य, प्रमुख क्रियाकलाप | ८९ |

परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन


| | |
|---|---|
| ७.१ परिचय | ९१ |
| ७.२ वर्तमान अवस्था | ९१ |
| ७.३ उद्देश्य | ९२ |
| ७.४ रणनीति | ९२ |
| ७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य | ९२ |
| ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया | ९३ |
| ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन | ९४ |


परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन


| | |
|---|---|
| ८.१ परिचय | ९५ |
| ८.२ वर्तमान अवस्था | ९६ |
| ८. ३ उद्देश्य | ९६ |
| ८. ४ रणनीति | ९६ |
| ८. ५ प्रमुख उपलब्धि तथा नतिजा | ९७ |

## गाउँपालिका अध्यक्षको मन्तव्य

नेपालको गण्डकी प्रदेश अन्तर्गत रहेको म्याग्दी जिल्लाको उत्तरी भु-भागमा अवस्थित यस रघुगंगा गाउँपालिका विकास निर्माणको काममा तिव्रता पाएको कुरा यहाँहरुमा जगजायर छ । यस गाउँपालिकाको भु-वनावट विविधताले भरिएको छ । यस गाउँपालिका पर्यटन, पशुपालन, कृषि, जडिबुटी उत्पादन आदिको दृष्टिले प्रशस्त सम्भावना बोकेको पालिका हो । यस गाउँपालिका भित्रका स्रोत र साधनलाई उपयोग गर्दै गाउँपालिकाले लिएको "समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" भन्ने मुख्य ध्येयलाई सार्थक तुल्याउन हामी सबैबाट सफल प्रयास भइरहेको कुरा यहाँहरुलाई अवगत नै छ । रघुगंगा गाउँपालिकालाई विकास निर्माणको दृष्टिले सुविधा सम्पन्न बनाउन साथै यहाँका सम्पूर्ण बासिन्दाहरुलाई आत्मनिर्भर र सुखी बनाउन हामीबाट अथक प्रयास भइरहेको छ । गाउँपालिका भित्रको रहन, सहन, संस्कार, संस्कृति र परम्परालाई जोगाउँदै आधुनिक र वैज्ञानिक संस्कार र सँस्कृतिसँग परीचित गराउनु आजको आवश्यकता ठान्दै सभ्य समाजको निर्माणमा हामीहरु लागिरहेका छौं ।

आर्थिक र सामाजिक रुपान्तरणको मुख्य आधार भनेको नै शिक्षा हो । जबसम्म यस गाउँपालिका भित्र सञ्चालित शैक्षिक संस्थाहरुले प्रदान गर्ने शिक्षामा गुणस्तरीयता कायम हुँदैन र यस गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुलाई २१ औं शताब्दी सुहाउँदो शिक्षाको प्रबन्ध गर्न सक्दैनौं तबसम्म यस गाउँपालिकाको समृद्धि पनि सम्भव देखिँदैन । शैक्षिक क्षेत्रको रुपान्तरणको लागि बृहत योजना बनाएर अगाडि बढ्नु पर्ने अवस्थालाई मध्यनजर गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक तहसम्मको शिक्षा हासिल गर्न संघीय र प्रदेश सरकारको योजनालाई आधार मानी यस रघुगंगा गाउँपालिकाले पनि आफ्नो आवश्यकतालाई प्राथमिकतामा राखी शिक्षाको पञ्चवर्षीय योजना निर्माण गरेको छ । यस गाउँपालिकाद्वारा तयार पारिएको योजना अनुरुप शिक्षामा व्यापक परिवर्तन गराई यहाँका नागरिकहरुलाई आधुनिक सुझबुझ भएको अवस्थामा पुऱ्याइनेछ, जसले गर्दा गाउँपालिकाको सर्वाङ्गिण विकासमा टेवा पुग्नेछ ।

रघुगंगा गाउँपालिकाको शिक्षाको पञ्चवर्षीय योजना निर्माण कार्यमा संलग्न हुनुहने गाउँपालिका कार्यसमिति, जनप्रतिनिधिहरु, गाउँ शिक्षा समिति, शिक्षा शाखा, लेखन कार्यदल, लेखन समुह, गाउँपालिकामा कार्यरत कर्मचारीहरु, सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, बुद्धिजिवी, शिक्षाप्रेमी एवम् सम्पूर्ण सरोकारवालाज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो पञ्चवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण पक्षहरुको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

भवबहादुर भण्डारी
अध्यक्ष

## गाउँपालिका उपाध्यक्षको मन्तव्य

सर्वप्रथमतः "समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" भन्ने मुल मन्त्रलाई आत्मसात गर्दै समग्र क्षेत्रको विकासमा समर्पित रघुगंगा गाउँपालिकाले यसै वर्ष गाउँपालिका शिक्षा क्षेत्रको विकासका लागि पञ्चवर्षीय योजना बनाइ कार्यान्वयनको चरणमा रहँदा अत्यन्त खुसी व्यक्त गर्न चाहन्छु । २१ औं शताव्दीमा आइपुग्दा समग्र विकासको मेरुदण्डका रुपमा शिक्षाको विकल्प अरु हुन सक्दैन।

पछिल्लो समय बौद्धिक पलायन हुने क्रम बढ्दो रहेको परिप्रेक्ष्यमा तीनै तहका सरकारले आफ्नो तर्फबाट यस पक्षलाई गम्भिरतापूर्वक लिनु अत्यावश्यक बनेको छ । यसै सन्दर्भमा रघुगंगा गाउँपालिकाको अभियानः "प्रविधि र सीपमुलक विद्यालय शिक्षा, देशभित्रै उपयोग गराउने रघुगंगाको ईच्छा" भन्ने दूरदृष्टि राखी शिक्षा योजना निर्माण गरी गाउँपालिका प्रति गर्व गर्न सक्ने स्थानीय भाषा, संस्कृति जगेर्ना गर्ने एवम् स्थानीय श्रोत साधनलाई प्रयोगमा ल्याई आर्थिक उपार्जनमा जोड्न सक्ने शैक्षिक जनशक्ति उत्पादन गर्ने लक्ष्य सहित अगाडि बढिरहेको छ ।

समयानुकूल गुणस्तरीय शिक्षा आफ्नै गाउँघरमा रही निःशुल्क रुपमा प्राप्त गर्ने गरी गाउँपालिका लागि परेको व्यहोरा जानकारी गराउँदछु । यस शिक्षा योजना निर्माण गर्नमा महत्वपूर्ण योगदान गर्नु हुने गाउँपालिका कार्यसमिति, गाउँ शिक्षा समिति, शिक्षा शाखा, लेखन कार्यदल, लेखन समुह, सम्पूर्ण विद्यालयका प्राधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, बुद्धिजीवि, शिक्षाप्रेमी एवम् सम्पूर्ण सरोकारवालाज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस पञ्चवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण पक्षहरुको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

प्रेमकुमारी पुन
उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको भनाई

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल घोषणासँगै भएको राज्य पुनर्संरचना पश्चात सबै स्थानीय तहहरुले भौतिक, आर्थिक तथा शैक्षिक स्तरमा सुधार, विकास र वृद्धि गर्दै गइरहेका छन् । स्थानीय तहले द्रूत विकास गर्नका लागि सबै क्षेत्रमा योजना बनाई कार्यान्वयन सहित अगाडि बढ्नु पर्ने हुन्छ । यसै सन्दर्भमा यस रघुगंगा गाउँपालिकाको "समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै आफ्ना नियमित गतिविधिहरु सञ्चालन गरिरहेको छ । गाउँपालिकाले आफ्नो प्राथमिकताका क्षेत्र निर्धारण गरि अगाडि बढिरहेको कुरा यहाँहरु सबैमा स्मरण गराउन चाहन्छु ।

कुनै पनि स्थानीय तहको समृद्धि, त्यस तह भित्रको शिक्षाको अवस्थाले सजिलोसँग मापन गर्ने गर्छ । रघुगंगा गाउँपालिकाले शिक्षा क्षेत्रमा योजनाबद्ध तवरबाट कार्यक्रम सञ्चालन गरी शैक्षिक स्तरोन्नती गर्ने अभिप्रायले पञ्चवर्षीय शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेको छ ।

रघुगंगा गाउँपालिकाको अभियान "प्रविधि र सीपयुक्त विद्यालय शिक्षा, देश भित्र नै उपयोग गराउने रघुगंगाको इच्छा" भन्ने दूरदृष्टि सहित निर्माण गरिएको यस शिक्षा योजनाको सफल कार्यान्वयन गर्नमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु । यस योजनालाई आधार बनाई गाउँपालिकाको शैक्षिक स्तरलाई माथि उठाउनका लागि आवश्यक सम्पूर्ण पक्षको व्यवस्थापनमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको तर्फदेखि पूर्ण साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

रघुगंगा गाउँपालिकाको शिक्षाको पञ्चवर्षीय योजना निर्माण कार्यमा संलग्न हुनुहने गाउँपालिका कार्यसमिति, जनप्रतिनिधिहरु, गाउँ शिक्षा समिति, शिक्षा शाखा, लेखन कार्यदल, लेखन समुह, गाउँपालिकामा कार्यरत कर्मचारीहरु, सम्पूर्ण विद्यालयका प्राधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, बुद्धिजीवि, शिक्षाप्रेमी, सञ्चारकर्मी एवम् सम्पूर्ण सरोकारवालाज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो पञ्चवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण पक्षहरुबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद !

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

## शिक्षा, युवा तथा खेलकुद शाखाको भनाइ

"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" भन्ने मूल मन्त्र तथा संकल्प अभियानलाई मूर्त रुप वा साकार बनाउनको लागि शिक्षा क्षेत्रको पञ्चवर्षीय गुरु योजना कार्यान्वयनमा भर्खरै बामे सर्दै पूर्णतातिर कार्यान्वयन हुँदै छ । जीवनमा हरेक पक्ष वा क्षेत्रलाई जोड्ने काम भनेको नै शिक्षा हो । शिक्षाको विकासको ऐतिहासिक पृष्ठभूमि नियालेर हेर्ने हो भने आजसम्म आइपुग्दा विकासका विभिन्न चरणहरु सम्पन्न भएका छन् । प्रथम ढुङ्गे युगको चरणबाट आजको विज्ञान तथा प्रविधि युगमा आउने प्रमुख कारकतत्व भनेको नै शिक्षा हो । शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको लागि अपरिहार्य र अनिवार्य हो किनभने यो बिना जीवन नै सार्थक र अर्थपूर्ण हुन सक्दैन ।

संविधानबाट जारी भएको नेपालको संविधानले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट दिगो विकास, शान्ति सुशासन र समृद्धिको लक्ष्य प्राप्तिका लागि नागरिकले शिक्षा पाउने मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । दिगो विकासका लक्ष्यहरु हासिल गर्न समावेशी र समतामूलक गुणस्तरीय शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्न स्थानीय तहले समेत शिक्षामा परिवर्तन गर्नु पर्ने आवश्यकता देखिन्छ । शिक्षामा प्रतिस्पर्धी जनमूखी बनाई बजारको माग र आपूर्ति, रोजगारमूलक र उत्पादनमूखी, प्रविधिमैत्रीबीच सन्तुलन कायम गरी समग्र शिक्षा प्रणालीमा नीतिगत सुधारका ढाँचा समेतको यो योजना निर्माण गरिएको हो । गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालय र आधारभूत विद्यालय (६-८) कक्षामा सूचना तथा प्रविधि तिर मुखरित हुँदै प्रति विद्यालयमा १-१ वटा प्रशिक्षक राखी विद्यालयमा (६-१० कक्षा) आधुनिक र प्रविधिमैत्री वातावरण निर्माण गरी अबका दिनमा आधारभूत तहमा पनि विस्तार गर्ने अपेक्षा राखेका छौं । शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै स्थानीय पाठ्यक्रम निर्माण गर्नुका साथै आधारभूत तह ६-८ कक्षा र माध्यमिक तह कक्षा ९-१० अंग्रेजी, गणित, विज्ञान तथा प्रविधि, नेपाली र सामाजिक तथा मानव मूल्य शिक्षा विषयको पाठ्यक्रममा आधारित वार्षिक शैक्षणिक योजना निर्माण भई कार्यान्वयनमा रहेको छ । आगामी दिनमा कक्षा १-५ को पनि वार्षिक शैक्षणिक योजना निर्माण गर्ने कार्यलाई प्राथमिकता दिनेछौं । स्थानीय तहको शिक्षा योजना जस्तो अत्यन्तै महत्वपूर्ण योजना निर्माणको सोच राखी बजेट व्यवस्थापन गर्ने गाउँपालिकाका अध्यक्ष श्री भव बहादुर भण्डारीज्यू, उपाध्यक्ष श्री प्रेम कुमारी पुनज्यू, प्रमुख प्रशाकीय अधिकृत श्री चेतनारायण भण्डारीज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, गाउँशिक्षा समितिका सदस्यज्यूहरु, योजना लेखन कार्यदल, लेखन कार्यसमूह,

प्रत्येक विषयगत शाखाका शाखा प्रमुखज्यूहरु, विभिन्न संघ संस्थाका पदाधिकारीज्यूहरु, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्यज्यूहरु, प्राविधिक सहयोग गर्नुहुने युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम, सञ्चारकर्मीज्यूहरु र यस योजनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक आभारका साथ धन्यवाद व्यक्त गर्दछौं ।

## लेखन तथा तयारी कार्यदल समुह

श्री भवबहादुर भण्डारी, गाउँपालिका अध्यक्ष
श्री प्रेमकुमारी पुन, गाउँपालिका उपाध्यक्ष
श्री चेतनारायण भण्डारी, प्रमुख प्रशासकीय अधिकृत
श्री कृष्ण प्रसाद सुवेदी, शिक्षा अधिकृत
श्री थकबहादुर पाइजा, सदस्य, गाउँ शिक्षा समिति एवम् वडा अध्यक्ष, वडा नं. ७
श्री भगवान बहादुर खत्री, मा.वि. अंग्रेजी शिक्षक, श्री मुक्तिधाम मा.वि., राखु भगवती
श्री होमनाथ शर्मा, मा.वि. विज्ञान शिक्षक, श्री अमर मा.वि., चिमखोला
श्री गुनबहादुर पुन, नि.मा.वि. अंग्रेजी शिक्षक, श्री जनता मा.वि., दग्नाम
श्री अर्जुन पौडेल, प्रा.वि., गणित शिक्षक, श्री ज्ञानोदय मा.वि., मौवाफाँट
श्री नहेन्द्र बहादुर क्षेत्री, प्राविधिक सहायक, शिक्षा शाखा

**प्रकाशक : रघुगंगा गाउँपालिका, म्याग्दी**
प्राविधिक परामर्श सेवा सहयोग : युसएआइडी प्रारम्भिक कक्षा सिकाई कार्यक्रम

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागितार समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रादेशिक सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि रघुगंगा गाउँपालिकाद्वारा पञ्चवर्षीय शिक्षा योजना तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षानीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रादेशिक र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक

बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तयार गरिएको हो ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त स्थानीय तहको विद्यमान अवस्था तथा क्षमता समेतलाई आधार मानी योजना तयार गरिएको छ ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना

ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२१-२०३०

ढ) एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली,

ण) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघ-संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

योजना निर्माण गर्दा स्थानीय तहको अन्य योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बिचको अन्तर सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दा सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको छ । यो योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया देहाय अनुसार रहेका छनः-

क) गाउँसभा र गाउँकार्यपालिका स्तरीय स्थानीय तहको बैठक,

ख) योजना निर्माण समितिको गठन,

ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण,

घ) गाउँटोल तथा वडास्तरमा विभिन्न सरोकारवाला, वडा अध्यक्ष, विद्यालयको प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संघसंस्था लगायत विभिन्न सरकारी-गैह्र सरकारी संघ-संस्था आदि सँग छलफल गरी सुझाव संकलन,

ङ) स्थानीय तह तथा विद्यालय स्तरीय छलफल,

च) योजनाको मस्यौदा तयारी,

छ) मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण,

ज) योजनाको अन्तिमीकरण ,

झ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन,

ञ) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन ।

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वशनीय वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ जुन योजना निर्माण गर्नु पूर्वको महत्वपूर्ण अंग हो । विभिन्न आन्तरिक तथा बाह्य विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

## ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई तोकिएको ढाँचामा आधारित भई तयार गरिएको छ । यो दस्तावेजले गाउँपालिका भित्रको शैक्षिक अवस्थालाई सुदृढीकरणका लागि आवश्यक पर्ने सम्पुर्ण पक्षहरुलाई समावेश गरिएको छ ।

## ८. अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहको शैक्षिक कार्यक्रममा के कति मात्रामा स्रोत साधनको विनियोजन तथा वितरण र परिचालन भएको छ ? लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन ? कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन् ? शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन ? भन्ने कुरा निश्चित गर्न तथा परिणाममूखी कार्यसम्पादन नभएको पाइएमा समयमै सुधारका उपयुक्त कदम चाल्न र समाधानका उपायहरु अवलम्बन के कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा व्यवस्था गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ । यस संविधानले शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा यस सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि शिक्षा लगायत बालबालिका सम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले कार्य सम्पादन गर्ने गरी २३ वटा अधिकारहरू प्रदान गरेको छ ।

पन्धौं योजना (२०७६/०७७-२०८०/०८१) ले गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकासका १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत-विपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहीनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी घटाई गतिशीलता प्रदान गर्नुपर्ने आवश्यकता पनि रहेको छ।

तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रुपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु हासिल गर्दै मध्यम आययुक्त मुलुकको रुपमा नेपाललाई स्तरोन्नती गर्ने राष्ट्रिय अपेक्षा पुरा गर्ने कार्यमा राज्यमा सन्चालित शिक्षाले महत्वपूर्ण माध्यमको

रुपमा भूमिका खेल्ने अपेक्षालाई रघुगंगा गाउँपालिकाको दीर्घकालीन सोंचमा आधारित रहेर शैक्षिक सत्र २०८१-२०८६ को पञ्चवर्षीय शैक्षिक योजना निर्माण गरिएको छ ।

### १.१.१ गाउँपालिकाको परिचय

म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारदेखि ३ किलोमिटर उत्तर पूर्वमा रहेको रघुगंगा गाउँपालिका बेगखोला, राखु भगवती, राखु पिप्ले, दग्नाम, झीँ, पाखापानी, चिमखोला र कुइनेमंगले गरी साविकका गाउँ विकास समिति मिलेर बनेको गाउँपालिका हो ।रघुगंगा गाउँपालिकालाई आठ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिका धौलागिरी हिमालको फेदबाट बग्दै आएको प्रसिद्ध रघुगंगा नदीको नामबाट नामाकरण गरिएको हो। साविकको ८ वटा गाविसहरुलाई विभाजन नगरी तिनीहरुलाई नयाँ संरचनामा वडाको रुपमा परिणत गरिएको हो । यस गाउँपालिकाको केन्द्र वडा नंम्बर ३ मौवाफाँटमा रहेको छ । तालिकामा नयाँ कायम भएका वडा, नाम र जनसंख्याको विवरण देखाइएको छ ।

| नयाँ वडा | वडा नाम | क्षेत्रफल (वर्ग कि.मी.) | जनसङ्ख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | वेगखोला | २४.५४ | ७०२ | ६५८ | १३६० |
| २ | राखु भगवती | १०.२५ | १५७१ | १३७२ | २९४३ |
| ३ | राखु पिप्ले | ११.६ | २०४५ | १७९५ | ३८४० |
| ४ | दग्नाम | १६.५३ | ४८९ | ४९४ | ९८३ |
| ५ | झिँ | ८.९६ | ६१४ | ५२३ | ११३७ |
| ६ | पाखापानी | ३९.९२ | ९३७ | ९०९ | १८४६ |
| ७ | चिमखोला | ११०.४१ | ६११ | ६०४ | १२१५ |
| ८ | कुइने मंगले | १५६.९२ | ३७८ | ४१२ | ७९० |
| जम्मा ३७९.१३७३४७६७६७१४११४ | | | | | |
| जम्मा घरधुरीः ४१५३ | | | | | |
| जम्मा क्षेत्रफलः ३७९.१३ वर्ग क्षेत्रफल | | | | | |
| *(स्रोतः राष्ट्रिय जनगणना २०७८ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट)* | | | | | |

यस गाउँपालिका मुख्य रुपमा मगर, ब्राह्मण, क्षेत्री, दलित, छन्त्याल, थकाली साथै अन्य जातजातीहरुको बसोबास रहेको छ ।

## १.१.२ गाउँपालिकाको सिमाना

कुल क्षेत्रफल ३७९.१३ वर्ग कि.मी. क्षेत्रफल रहेको रघुगंगा गाउँपालिका विश्व मान चित्रमा अक्षांश उत्तर ८३°२५'१२" देखि ८३°३७'३" उत्तरसम्म र देशान्तर २८°२२'३०"पुर्वदेखि२८°४१'५२"पुर्व सम्म फैलिएको छ । उत्तरमा धौलागिरी हिमाल दक्षिणमा मंगला गाउँपालिका, बेनी नगरपालिका र पर्वत जिल्ला पर्दछ त्यसै गरी पूर्वमा अन्नपूर्ण गाउँपालिका र मुस्ताङ जिल्ला साथै पश्चिममा धवलागिरी र मालिका गाउँपालिका पर्दछ । यस गाउँपालिका समुन्द्र सतह देखि सबै भन्दा कम उचाइको भुभाग ८६१ मि.को उचाइमा रहेको वडा नं. ३ को गलेश्वर पर्दछ भने सबै भन्दा अग्लो स्थान वडा नं. ८ कुइनेमंगलेमा पर्ने धौलागिरी हिमाल ८१६७ मि. उचाइमा पर्दछ । त्यसै गरी वडा नं. ८ मा अवस्थित जिरबाङ सबै भन्दा अग्लो समुन्द्र सतह देखि ६०२८ मिटरको उचाईमा रहेको मानव वस्ती हो भने सबै भन्दा कम ८७५ मि. उचाईमा रहेको राहुघाट हो ।

## १.१.३ गाउँपालिकाको वडागत घरधुरी सङ्ख्या तथा जनसङ्ख्या

गाउँपालिकाको वडागत घरधुरी सङ्ख्या तथा जनसङ्ख्या निम्नानुसार रहेको छ :

| **१. घरधुरी तथा जनसङ्ख्याको विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं.** | | | | | | | | |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | **जम्मा** |
| जम्मा घरधुरी सङ्ख्या | ३९२ | ९२१ | ११२३ | २७४ | ३३८ | ५३६ | ३५७ | २१२ | ४१५३ |
| जम्मा जनसङ्ख्या | १३६० | २९४३ | ३८४० | ९८३ | ११३७ | १८४६ | १२१५ | ७९० | १४११४ |
| **२.लिङ्गअनुसार जनसङ्ख्या विवरण** | | | | | | | | | |
| पुरुष | ६५८ | १३७२ | १७९५ | ४९४ | ५२३ | ९०९ | ६०४ | ४१२ | ६७६७ |
| महिला | ७०२ | १५७१ | २०४५ | ४८९ | ६१४ | ९३७ | ६११ | ३७८ | ७३४७ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

माथिको तथ्याङ्क हेर्दा वडा नं. ३ साविक पिप्ले गा.वि.स. अन्तर्गत सबैभन्दा धेरै घरधुरी र जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम घरधुरी र जनसङ्ख्या वडा नं. ८ साविक कुइनेमंगले गा.वि.स.मा रहेको देखिन्छ साथै यस पालिका भित्र पुरुषको तुलनामा महिलाको जनसङ्ख्या बढि रहेको देखिन्छ ।

## १.१. ४ गाउँपालिकाको शैक्षिक अवस्था

### १.१.४.१ विद्यालयगत विवरण

**वडागत सामुदायिक विद्यालय विवरण**

| वडा | प्रि-स्कुल | आधारभूत | | | माध्यामिक | | उच्च शिक्षा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | ECD | कक्षा ३ | कक्षा ५ | कक्षा ८ | कक्षा १० | कक्षा १२ | | |
| वडा नं १ | - | - | १ | १ | २ | - | - | - |
| वडा नं २ | - | - | ३ | २ | - | १ | - | - |
| वडा नं ३ | - | १ | २ | - | २ | - | - | - |
| वडा नं ४ | - | - | १ | - | १ | - | - | - |
| वडा नं ५ | - | २ | - | - | १ | - | - | - |
| वडा नं ६ | - | १ | २ | १ | १ | - | - | - |
| वडा नं ७ | - | २ | - | - | १ | - | - | - |
| वडा नं. ८ | - | - | ४ | १ | १ | - | - | - |
| जम्मा | - | ६ | १३ | ५ | ९ | १ | - | ३४ |

(स्रोत : EMIS २०८१)

वडागत विद्यालय विवरण हेर्दा सामुदायिक र संस्थागत विद्यालय गरि कुल ३४ वटा विद्यालय रहेको छ । १-३ कक्षा मात्र सम्म चलेका विद्यालय ६ वटा देखिन्छ भने कक्षा १२ सम्म पढाइ सञ्चालन हुने विद्यालय एउटा मात्र रहेको छ ।

## १.१.४.२ जातिगत र तह अनुसार विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरूको सङ्ख्या

### आधारभूत तह कक्षा १-५

| क्र. स | विद्यालय | कक्षा बालविकास | | | कक्षा-१ | | | कक्षा - २ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा १-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| जम्मा | दलित | ८७ | ६४ | १५१ | ४५ | ३५ | ८० | ३९ | ४१ | ८० | ४५ | ३२ | ७७ | ४१ | ३४ | ७५ | ४८ | ४० | ८८ | २१८ | १८२ | ४०० |
| | जनजाति | ७८ | ५४ | १३२ | ३४ | ३२ | ६६ | ४३ | ४८ | ९१ | ३६ | ४९ | ८५ | ४० | ४४ | ८४ | ३७ | ४२ | ७९ | १९० | २१५ | ४०५ |

(स्रोत : EMIS २०८० र २०८१)

माथिको तथ्याङ्क अनुसार बालकक्षा देखि ५ सम्म दलित विद्यार्थी सङ्ख्या ४०० देखिन्छ भने जनजाती विद्यार्थी ४०५ रहेको छ । यसका साथै दलित छात्र छात्रा विद्यार्थी अनुपात १००:११९ रहेको छ । त्यसैगरी जनजाती छात्रछात्रा अनुपात १००:८८ रहेको देखिन्छ ।

### माध्यमिक तह कक्षा ६-१२

| क्र. स | विद्यालय | कक्षा-६ | | | कक्षा - ७ | | | कक्षा-८ | | | कक्षा ६-८ | | | कक्षा-९ | | | कक्षा-१० | | | कक्षा-११ | | | कक्षा - १२ | | | कक्षा ९-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| जम्मा | दलित | ३१ | ४१ | ७२ | २८ | ३९ | ६७ | ३१ | ३१ | ६२ | ९० | १११ | २०१ | १९ | ३५ | ५४ | २८ | २७ | ५५ | ११ | १६ | २७ | ११ | १४ | २५ | ६९ | ९२ | १६१ |
| | जनजाति | ४३ | ३९ | ८२ | ३८ | ४४ | ८२ | ४७ | ५५ | १०२ | १२८ | १३८ | २६६ | ४४ | ४९ | ९३ | ४५ | ४९ | ९४ | ० | १ | १ | ० | २ | २ | ८९ | १०० | १८९ |

(स्रोत : EMIS २०८० र २०८१)

कक्षा ६-१२ को विद्यार्थी तथ्याङ्क विश्लेषण गर्दा दलित तथा जनजाती दुबै सूचकमा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको सङ्ख्या बढि रहेको पाइएकोछ । साथै माथिल्लो तहमा विद्यार्थी सङ्ख्या घट्दै गएको देखिन्छ ।

### १.१.४.३ शिक्षक विवरण

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | तह | अस्थायी/करार | स्थायी | जम्मा | राहत | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | ३५ | - | ३५ | - | ३५ | |
| २. | प्राथमिक | १७ | ९३ | ११० | १४ | १२४ | |
| ३. | निम्न माध्यमिक | ५ | २१ | २६ | १३ | ३९ | |
| ४. | माध्यमिक | १ | १९ | २० | १ | २१ | |
| | जम्मा | ५८ | १३३ | १९१ | २८ | २१९ | |
| ५. | शिक्षण सिकाइ अनुदान | १३ | ० | १३ | ० | १३ | |
| ६. | गा.पा. अनुदान | १३ | ० | १३ | ० | १३ | |
| ७. | गा.पा. अनुदान (बालविकास) | ८ | ० | ८ | ० | ८ | |
| ८. | प्राविधिक धारतर्फ | ९ | ० | ९ | ० | ९ | |
| ९. | साविक उ.मावि | २ | ० | २ | ० | २ | |
| | कुल जम्मा | १०३ | १३३ | २३६ | २८ | २६४ | |

(स्रोत : EMIS २०८१)

माथिको तथ्याङ्क विश्लेषण गर्दा गाउँपालिका भित्र प्रयाप्त दरबन्दी नरहेको र त्यसको व्यवस्थापनमा गाउँपालिका अनुदानबाट १३ जना शिक्षक र ८ जना बालविकास सहजकर्ता व्यवस्था गरिएको देखिन्छ । यसका बाबजुद पनि गाउँपालिकामा शिक्षक दरबन्दी व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय तह लाग्नुपर्ने देखिन्छ।

### १.१.४.४ गाउँपालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

| क्र. सं. | सूचक | तह | आधार वर्ष २०८० | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर* (%) | स्थानीय | ६१.६ | | |
| | | प्रदेश | १००.७ | | |
| | | राष्ट्रिय | ९९.९ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५५.४ | | |
| | | प्रदेश | ९२.८ | | |
| | | राष्ट्रिय | ७०.६ | | |

| क्र. सं. | सूचक | तह | आधार वर्ष २०८० | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.२ | फ्ल्यास रिपोर्ट-२०८० | |
| | | प्रदेश | ९५.९ | | |
| | | राष्ट्रिय | ९५.२ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९९.३ | | |
| | | प्रदेश | ११९.० | | |
| | | राष्ट्रिय | १२१.६ | | |
| २.३ | आधारभूत तह (प्राथमिक) कक्षा १-५) मा खुद भर्नादर* (%) | स्थानीय | ९६.३ | | |
| | | प्रदेश | ९५.४ | | |
| | | राष्ट्रिय | ९५.६ | | |
| २.४ | आधारभूत तह (प्राथमिक) कक्षा १-५) मा कूल भर्नादर* (%) | स्थानीय | १०१.६ | | |
| | | प्रदेश | ११७.९ | | |
| | | राष्ट्रिय | १२४.८ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ८७.२६ | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउदर* (%) | स्थानीय | ८३.२५ | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.८ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ९६.३ | | |
| | | प्रदेश | ९५.४ | | |
| | | राष्ट्रिय | ९५.६ | | |
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-८) कूल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | ९२.०९ | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |

| क्र. सं. | सूचक | तह | आधार वर्ष २०८० | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर* (%) | स्थानीय | ९२.२ | | |
| | | प्रदेश | ९५.१ | | |
| | | राष्ट्रिय | ९५.२ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्नादर (%) | स्थानीय | ९९.३ | | |
| | | प्रदेश | ११९.० | | |
| | | राष्ट्रिय | १२१.६ | | |
| २.१२ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउदर* (%) | स्थानीय | ९२ | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.१३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ६४.१८ | | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर* (%) | | ६०.७ | | |
| | | | ५८.८ | | |
| | | | ५६.८ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्नादर* (%) | | ७१.२ | | |
| | | | ८६.० | | |
| | | | ८३.२ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | १२५.८७ | | |
| | | | | | |
| | | | | | |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | २६.४७ | | |
| | | | | | |
| | | | | | |

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

विद्यालय शिक्षामा गुणस्तर, पहुँच, र सहभागिता सुनिश्चित गर्न नसक्नु मुख्य समस्याको रूपमा रहेको छ । पाठ्यक्रमले तोके अनुसारका सिकाइ उपलब्धि हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय वातावरणको अभाव, र विषयगत शिक्षकको दरबन्दीको समस्या पनि समाधान गर्नुपर्ने चुनौतीहरू हुन् । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अपर्याप्त पहुँच र यसको प्रभावकारी कार्यान्वयनको अभावले शिक्षामा बाधा पुऱ्याएको छ । वैकल्पिक शिक्षाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु र भौतिक पूर्वाधारको विकासमा देखिएका कमीले शिक्षाका धेरै पक्षहरूमा असर पुऱ्याएको छ । समस्याहरु रहेका स्थानीयस्तरबाट ति समस्याहरुको समाधानको पहल भइरहेको छ ।

लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात-जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन, जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाइसराइ), बनौट तथा बसोबास साथै भौगोलिक विकटताका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन, बिपतको अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोत साधनको कमी, जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न चुनौती रहेको छ । यस पालिकाका शैक्षिक समस्या तथा चुनौतीहरुको बिश्लेषण निम्नानुसार गरिएको छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

**सबल पक्षहरू**

शिक्षा ऐन तथा नियमावलीको निर्माण, बाल विकास केन्द्रको स्थापना, र दरबन्दी व्यवस्थापन मार्फत शिक्षकको आपूर्ति प्रमुख सबल पक्षहरू हुन्। विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, इन्टरनेट र यातायातको सुविधा, साथै स्थानीय पाठ्यक्रमको कार्यान्वयनले शिक्षामा सुधारका लागि बलियो आधार प्रदान गरेको छ।

शिक्षा ऐन तथा नियमावली निर्माण, आवश्यकता अनुसार बाल विकास केन्द्र र शिक्षकहरूको व्यवस्था, स्थानीय स्रोत र स्वयंसेवक शिक्षक मार्फत दरबन्दीको व्यवस्थापन, विद्यालयमा पर्याप्त भौतिक सेवाहरू, जस्तै बिजुली, इन्टरनेट, खानेपानी, आधारभूत तहको शिक्षा निःशुल्क बनाउने र स्थानीय पाठ्यक्रम लागू गर्ने, स्थानीय तहबाट केही विद्यालयलाई नमूना विद्यालयको रूपमा विकासका कार्य अघि बढेका छन जसलाई यस पालिकाको सबल पक्षको रूपमा लिन सकिन्छ ।

**मुख्य समस्याहरु**

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच  सुनिश्चित गर्न नसकिनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु,  तहगत, कक्षागत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक धारलाई विद्यालय शिक्षाको मुल धारको रूपमा विकास गर्न नसक्नु, शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनको लागि प्रयाप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । रघुगंगा गाउँपालिकाको शैक्षिक अवस्था, गाउँपालिकाले अनुभूति गरेका र वर्तमान समयमा भोगेका समस्याहरु निम्नानुसार पहिचान गरिएको छ :

१. आधारभूत विद्यालय उमेर समूहका केही बालबालिकाहरु विशेषत भौगोलिक विकटता र सुविधाविहिन समूहका बालबालिका वा तोकिएको र समयमा विद्यालय आउन नसक्नु,
२. आर्थिक तथा सामाजिक अवस्थाका कारण विचैमा विद्यालय छाड्नु,
३. शहर केन्द्रित बसाइसराइ र अङ्ग्रेजी माध्यमप्रति मोह देखिनु,
४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको प्रयाप्त अपनत्व हुन नसक्नु,
५. सामुदायिक विद्यालयका शिक्षकहरु प्रति समुदायको हेर्ने सकरात्मक दृष्टिकोण नहुनु, साथै शिक्षक पेशा प्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणामा कमी देखिनु,
६. शिक्षक सरुवा शैक्षिक सत्रको विचमा हुनु र समयमा नै शिक्षक नियुक्ति गर्न नसक्नु,
७. शिक्षकहरु सुत्केरी, सुत्केरी स्याहार जस्ता लामो विदामा बस्दा बैकल्पिक शिक्षक व्यबस्था गर्न नसक्नु,
८. शिक्षकहरुलाई कार्यसम्पादनको आधारमा उचित मूल्याङ्कनबाट पुरस्कार र दण्डको व्यबस्था हुन नसक्नु,
९. सामुदायिक विद्यालयहरु शैक्षिक गुणस्तर तर्फ ध्यान दिन नसक्नु,
१०. शिक्षकको कार्यसम्पादनमा सबै तहका विद्यार्थीको सिकाइ उपलव्धीलाई जोड्न नसक्नु,
११. शिक्षक र कर्मचारीको वृत्ति र विकास समय सापेक्ष उचित तवरवाट हुन नसक्नु,
१२. शिक्षकहरुले क्षमता विकास तथा अभिवृत्ति तालिममा प्राप्त गरेका अनुभवहरुलाई कक्षाकोठामा प्रयोग गर्न नसक्नु,
१३. विद्यालयहरुमा पर्याप्त सिकाइ सामग्रीहरु नहुनु, साथै उपलब्ध सामग्रीको समेत उचित प्रयोग नहुनु,

१४. सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापमा जोड्न नसक्नु,
१५. विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रति स्पष्ट नहुनु,
१६. भौगोलिक विकटताका कारण विद्यालय समायोजन र तह घटुवा गर्न नसक्नु,
१७. आधारभूत विद्यालयहरुमा न्यायोचित तरिकाले शिक्षक दरबन्दी वितरण नहुनु,
१८. सरोकारवालाहरुबाट विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण उपयुक्त समयमा हुन नसक्नु,
१९. परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तकलाई शिक्षक सामु यथोचित तवरले प्रवोधीकरण गर्ने कार्य हुन नसक्नु,
२०. शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग न्युन हुनु,
२१. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक बन्न नसक्नु,
२२. निरन्तर विद्यार्थी मूल्याङ्कन र आन्तरिक मूल्याङ्कन उचित तरिकाले नहुनु, साथै उपचारात्मक शिक्षण न्युन हुनु,
२३. शिक्षा ऐन, नियम तथा नियमावलीलाई आधार मानी स्थानीय स्तरवाट कार्यविधि बनाई प्र.अ. नियुक्ति गर्न नसक्नु,
२४. विद्यालयहरुमा भौतिक संरचना, शिक्षक दरबन्दी, भौगोलिक अवस्था आदिलाई आधार बनाई बजेटको न्यायोचित वितरण हुन नसक्नु,
२५. दृष्टिविहीन कक्षा संचालित विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री संरचना नहुनु, शैक्षिक तथा खेलकुद सामग्रीहरु साथै सेवा सुविधाहरु प्रयाप्तता नहुनु, एवं शिक्षक कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रयाप्त नहुनु,
२६. प्राविधिक धार संचालन भएको विद्यालयमा विद्यार्थीहरुको लागि प्रयोगात्मक कार्य गर्ने स्थान वा क्षेत्रको प्रयाप्तता नहुनु,
२७. स्थानीय तहवाट शिक्षा ऐन, नियम तथा नियमावलीमा आधारित रही शिक्षक सरुवा, नियुक्ति तथा कार्यसम्पादन मूल्याङ्कनको समयानुकूल कार्यविधि बन्न नसक्नु ।

## चुनौतीहरु

न्यून विद्यार्थी र न्यून शिक्षकबाट विद्यालय सञ्चालन गर्नु, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण

सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झार्नु, अपेक्षित सिकाइ उपलब्धी प्राप्ती, शिक्षा क्षेत्रमा सुशासन, र उत्तरदायित्व अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरुको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्। त्यसै गरि सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु , शैक्षिक सुधारका लागि सरोकारवालाहरु बिच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु , शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालयको नेतृत्वको भूमिका सबलीकरण गर्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु पनि विद्यालय शिक्षा क्षेत्रका चुनौतीहरु हुन् ।

त्यसैगरी नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पूनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने , सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निशुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न, क्षमता विकास गर्नु, सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्नु, खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा सम्बन्धि शिक्षा विद्यालय मार्फत प्रदान गर्न, गरिव तथा सुबिधाविहीन बालबालिकाहरुलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन, विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी र समतामूलक वातावरण सिर्जना गर्न, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्न, शिक्षक सुत्केरी तथा सुत्केरी स्याहार जस्ता लामो विदामा बस्दा बैकल्पिक शिक्षकको व्यवस्थापन गर्न, सिमित स्रोत र साधनका बाबजुद विद्यालयको भौतिक संरचना निर्माण कार्य गर्ने ठाउँको स्रोत व्यवस्थित गर्नु, भौगोलिक विकटता तथा प्रयाप्त जनशक्तिको अभावका कारण पालिकाबाट नियमित अनुगमन र निरीक्षण गर्नु, अपाङ्गमैत्री विद्यालय वातावरण निर्माण गर्नु, शिक्षक पुरस्कृत हुने आधारहरु निर्माण गर्नु, भौगोलिक विकटताको कारण सूचना तथा सञ्चारको पहुँच उपलव्ध नहुनु, आम समुदायमा शिक्षाप्रतिको भोग जगाउनु, शिक्षक सरुवा शैक्षिक सत्रको अन्त्यमा मात्र गर्नु, सरकारबाट प्राप्त रु. १५ का दरले दिवा खाजा पोषणयुक्त खुवाउनु, भौगोलिक विकटताका कारण थोरै विद्यार्थी हुने विद्यालय र धेरै विद्यार्थी हुने विद्यालयमा समान शिक्षक राख्नु पर्ने अवस्था सिर्जना हुनु, विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने जस्ता बिषयहरु विद्यालय शिक्षाका चुनौतीका रुपमा रहेका छन् ।

**अवसरहरु**

बालबालिकाहरु शिक्षालाई मौलिक हकका रुपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत शिक्षा तथा निःशुल्क गरिएको माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार भित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्नादर र लैंगिक समता सुचकाङ्कहरुमा प्रयाप्त सुधार हुनु, समावेशी सहभागितामा वृद्धि हुनु, सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तह सम्म सर्वसुलभ हुनु, माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएता पनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु, शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता सेवा प्रवाह हुने अवसर प्राप्त हुनु, शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु यस क्षेत्रका मुख्य अवसरहरु हुन् ।

शिक्षक विद्यार्थी अनुपात थोरै भएकाले कतिपय विद्यालयको विद्यार्थीहरुले वैयक्तिक सिकाइमा सरिक हुन पाउनु, कम्प्युटर शिक्षकको उपलव्धता हुनु, पाठ्यपुस्तक तथा पोशाकहरु समयमै उपलव्ध हुनु, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री हुनु, पालिकाबाट शिक्षक अनुदान उपलब्ध गराउनु, प्रधानाध्यापक तथा विषय विज्ञहरुको समुह बनाउनु, राष्ट्रपति खेलकुद लगायत प्रतियोगितामा विद्यालयका लागि स्रोत उपलव्ध गराउनु, शिक्षा समिति तथा शैक्षिक योजना निर्माणमा शिक्षकको सहभागिता, इन्टरनेट बापत लाग्ने खर्च पालिका बाटै व्यवस्था हुनु महत्वपूर्ण अवसरका रुपमा रहेका छन् ।

## १.४ गाउँपालिकाको नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू

| क्र. सं. | नयाँ शिक्षा योजनाले समेट्ने पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | रघुगंगा गापा कार्यक्षेत्र भित्रका वालवालिकाहरुको प्रारम्भिक वालविकास, आधारभूत तह र माध्यमिक तहको शिक्षामा पहुँच हुनेछ । |
| २ | गुणस्तर | रघुगंगा गा पा भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर, राष्ट्रिय गुणस्तर परीक्षण केन्द्रद्वारा प्रकाशन गरिएको राष्ट्रिय औषत गुणस्तर भन्दा माथी हुनेछ। |
| ३ | व्यवस्थापन | यस गा पा भित्रका शैक्षिक संस्थाहरुको भौतिक एवं शैक्षिक व्यवस्थापन उचित तरिकाले भएको हुनेछ । |
| ४ | क्षमता विकास | शैक्षिक संस्थासंग सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुको उच्चतम क्षमता विकास भएको अवस्थामा हुनेछ। |
| ५ | मूल्याङ्कन | शैक्षिक संस्थाहरु सर्वाङ्गीण पक्षहरुको उचित मुल्याङकन भएको हुनेछ। |
| ६ | सुशासन | यस पालिकामा संचालीत शैक्षिक संस्थाहरु चुस्तदुरुस्त अवस्थामा हुने साथै सम्वन्धित सरोकारवालाहरु सेवा उन्मुख र परिणाममुखी भएको अवस्था हुनेछ । |

# परिच्छेद दुईः दुरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य

## २.१ योजना निर्माणका आधारहरु

परिच्छेद एकमा उल्लेखित यस रघुगंगा गाउँपालिकाको शैक्षिक परिवेशको समिक्षा सहित उठान गरिएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरुले यस पालिकाको लागि रघुगंगा गाउँपालिका भित्र ३३ वटा सामुदायिक र १ वटा संस्थागत गरि जम्मा ३४ वटा विद्यालयको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचान गर्न खास आधार सिर्जना गरेको छ ।

शिक्षा योजना निर्माण गर्दा राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका शिक्षासँग सम्बन्धित नीति तथा योजनाहरुलाई प्रमूख आधार बनाइएको छ । यसका अतिरिक्त स्थानीय तहको विशिष्ट अवस्था समेतलाई अध्ययन गरी आधारको रूपमा लिइएको छ । देहायका विषयलाई योजना निर्माणका आधार बनाइएको छ ।

नेपालको संविधान, सोह्रौं पञ्चवर्षीय योजना २०८१/२०८२ - २०८५/८६, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना, स्थानीय तहको मध्यकालिन खर्च संरचना, राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८, विद्यालयहरुबाट तयार भएका विद्यालय सुधार योजना र अन्य सरकारी र गैर सरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

संघीय शिक्षा क्षेत्र योजनामा दीर्घकालिन सोच " आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपुर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने" तय गरिएको छ। रघुगंगा गाउँपालिकाको आवधिक योजनामा समेत " समृद्ध रघुगंगा , सुखी रघुगंगावासी " भनी गाउँपालिकाको दीर्घकालिन सोच निर्धारण गरिएको छ ।

## २.२ दुरदृष्टि

**रघुगंगा गाउँपालिकाको अभियानः** "प्रविधि र सीपयुक्त विद्यालय शिक्षा, देश भित्र नै उपयोग गराउने रघुगंगाको इच्छा"

## २.३ ध्येय

बदलिदो विश्व परिवेश अनुसार वर्तमान समयको माग वमोजिम प्रविधिमा पोख्त सीपयुक्त साथै व्यवहारिक शिक्षा आर्जन गरी राष्ट्र भित्रै सम्भावना देख्ने , राष्ट्रप्रेमी , योग्य र प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिका प्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

यस गाउँपालिकाको शिक्षा क्षेत्रको पञ्चबर्षीय योजनाका उद्देश्य तय गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतीहरुलाई सम्वोधन हुने गरी तयार गरिएको छ । रघुगंगा गाउँपालिकाले शैक्षिक क्षेत्रमा बदलिदो परिस्थिति अनुसार आफुलाई युग सुहाउदो बनाउनका लागि आफ्नो पञ्चवर्षीय शिक्षा योजनाको दीर्घकालिन सोच तथा यसले तय गरेका लक्ष्य प्राप्तीका लागि निम्नानुसारको उद्देश्यहरु निर्धारण गरिएको छ ।

१. रघुगंगा गाउँपालिका भित्रका सबै विद्यालय उमेर समूहका बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममार्फत आधारभूत शिक्षाका लागि तयार पार्नु ।
२. रघुगंगा गाउँपालिका भित्र अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिबृद्धि गर्नु ।
३. पालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका वालवालिकाहरुको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु ।
४. गाउँपालिका भित्र कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाइ गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर हुनु ।
५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तोके बमोजिम स्थानीय पाठ्यक्रम कार्यान्वयन मार्फत स्थानीय मुल्य मान्यता, प्रविधि र व्यवहारमूलक सीप समेत प्रवर्धन गर्नु ।
६. बालमैत्री वातावरण तयार गरि शिक्षण सिकाइमा सबै बालबालिकालाई सहभागि गराउनु ।
७. सामुदायिक तथा निजि क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलित गराउँदै शिक्षण संस्थाको प्रभावकारी परिचालन, नियमन एवम् सामुदायिक शिक्षा प्रणालीको रुपान्तरण प्रक्रियामा सवलीकरण गर्नु ।

८. गा.पा. भित्र रहेका सबै प्रकारका अपाङ्ग तथा गरिब र सिमान्तकृत बालबालिकालाई उनिहरुको अवस्था अनुकुल शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
९. यस पालिका भित्र सबै वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
१०. विद्यालयलाई शान्तीपूर्ण, भयरहित, दण्डरहित तथा विविधता अनुकुल बनाइ बालमैत्री वातावरण तयार गर्नु ।
११. सम्पूर्ण सरोकारवालाहरुलाई विद्यालय शिक्षामा सुशासन तथा जवाफदेहिताको सुनिश्चितता गर्नु।
१२. गाउँपालिका स्थित सामुदायिक विद्यालयमा आवश्यकता अनुसार भौतिक संरचना थप साथै पुनर्संरचना गर्नु ।
१३. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पुरा गर्न गाउँपालिकाको प्राथमिकताको आधारमा प्रयाप्तता, समन्यायिकता र प्रतिफलमूखी हुने गरि शैक्षिक लगानी सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू

उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागि यस रघुगंगा गाउँपालिकाबाट निम्न अनुसारको रणनितिहरु अवलम्वन गरिनेछ ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सो उमेर समूहका सबै बालबालिकाका लागि अनिवार्य गरिनेछ ।
२. नक्साङ्कन भौगोलिक अवस्थाको आधारमा गाउँपालिका क्षेत्र भित्र आवश्यकता अनुसार सामुदायिक विद्यालयहरुको स्थापना एकिकरण तथा समायोजन र पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।
३. निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको गुणस्तर र प्रविधिमा सुधार गर्ने तथा सान्दर्भिकता बृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामुलक र पहुँच केन्द्रित गरिनेछ
४. गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरिव , दलित, पिछडिएको वर्ग लगायत सम्पुर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक, शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ ।
५. निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको प्रत्याभुती गर्न यस गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकाहरुलाई पायक पर्ने विद्यालयमा भर्ना गराउनुको साथै विद्यार्थीको विद्यालयमा टिकाउदर र गुणस्तर अभिबृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरु अबलम्बन गरिनेछ ।
६. अपाङ्गता भएका र विभिन्न कारणले सिकाइसम्बन्धी समस्यामा रहेका बालबालिकाहरूलाई

समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्ने ।

७. गाउँपालिका भित्र आधारभूत तथा माध्यमिक शिक्षामा समेत शिक्षाको सान्दर्भिक र सहजीकरणका लागि सुचना तथा प्रविधियुक्त शिक्षण सिकाई वातावरण तयार गर्न शिक्षक तालिम र मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ ।

८. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरी सिकाइ सामग्री र सूचना तथा सञ्चार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन सहितको सुविधा विस्तार गरिनेछ ।

९. बालकक्षालाई सजावटयुक्त र स्रोत सम्पन्न बालकक्षा बनाउने साथै वालवालिकाले प्रयोग गर्न सक्ने भौतिक संरचना बालबालिका अनुकुल निर्माण गरिनेछ ।

१०. गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि स्थानीय सरकारको तर्फबाट आवश्यक बजेटको सुनिश्चित गरिनेछ ।

११. स्थानीय पाठ्यक्रमको आधारमा स्थानीय पाठ्यपुस्तक निर्माण गरिनेछ ।

१२. स्थानीय पाठ्यपुस्तकबाट स्थानीय मूल्य-मान्यता, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पक्षहरु, स्थानीय सीप र प्रविधिका साथै स्थानीय स्तरमा उपलव्ध हुने जडिबुटीहरु पहिचान गरी त्यसको उपयोगिता बारे प्रचार प्रसार गरिनेछ ।

१३. विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको टिकाउदर शतप्रतिशत सुनिश्चित गरी शैक्षिक गुणस्तरयुक्त बनाइनुका साथै विद्यार्थीहरुलाई सिकाइप्रति उत्प्रेरित हुने वातावरण सिर्जना गरिनेछ ।

१४. असल अभ्यास गरिरहेका सामुदायिक तथा नीजि क्षेत्रका स्थानीय तह वा विद्यालयहरुमा सरोकारवालाहरुलाई भ्रमण गराइ सो क्षेत्रमा भएका राम्रा र असल अभ्यासहरुलाई आफ्नो पालिकाको स्रोतसाधनको सिमिततालाई समेत ध्यानमा राखी विद्यालयहरुमा अवलम्वन गरिनेछ ।

१५. गाउँपालिका भित्रका सम्पूर्ण गरिब, सुविधाविहिन कठिन परिस्थितिमा रहेका शारीरिक, मानसिक रुपमा फरक बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन प्रेरित गर्ने र सिकाइमा सहभागी भई शैक्षिक उपलब्धी सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई थप सुढृद गरिनेछ ।

१६. बालबालिकाहरुको आवश्यकता र समावेशिकरणको सिद्धान्तको आधारमा सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको समन्वय गरी विशेष शिक्षा साथै समावेशी शिक्षाको माध्यमबाट उपयुक्त शैक्षिक अवसर प्रदान गरिनेछ ।

१७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेशा तथा व्यवसाय र सामाजिक जीवन साथै सहभागितासंग आबद्ध गरी आधारभूत तहको कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

१८. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावलीलाई आत्मसात गर्दै आवास सहितको विद्यालय

निर्माण गर्ने कार्यक्रम विकास गरी शिक्षा क्षेत्र योजनाका आधारमा गाउँपालिकाले लगानी गर्ने व्यवस्था गरिनेछ ।

१९. स्थानीय तहको पाठ्यक्रममा पोषण सम्बन्धी बिषय क्षेत्र समेटिनेछ ।

२०. प्राथमिक उपचारको लागि पालिका भित्रका सवै बिद्यालयमा First Aid Box को व्यवस्था गरिनेछ।

२१. विद्यालयमा बिभिन्न क्लब , परामर्श कक्ष, स्तनपान कक्ष जस्ता कक्षहरु स्थापना गरी शान्तीपुर्ण र विविधतामा अनुकुलता स्थापना गरिनेछ ।

२२. पोषण सम्बन्धि Action Plan ले तोकेको ५ वटा indicators विद्यालयमा लागु गरिनेछ ।

२३. गाउँपालिका स्तरमा विद्यार्थीको शैक्षिक उपलब्धीका आधारमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतीलाई सदृढ गरी यसका नतिजाहरुका आधारमा सुधार गर्ने प्रणाली विकास गरिनेछ ।

२४. कम्तीमा पनि त्रैमासिक विद्यालयमा स्वास्थ्य परीक्षण गर्ने परिपाटी मिलाईनेछ ।

२५. गाउँपालिका स्तरमा सञ्चालित विद्यालयको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थीत र प्रभावकारी बनाउन कक्षा ५ र ८ को परीक्षा र मूल्याङ्कन प्रणालीलाई स्तरीकृत बनाइनेछ ।

२६. हाल विद्यमान रहेका पुराना, जिर्ण तथा बालमैत्री नदेखिएका विद्यालयका भौतिक संरचनाहरुलाई संघीय तथा प्रदेश सरकारसँग बालमैत्री भौतिक संरचना निर्माण तथा पुन-निर्माणका योजना बनाई कार्यान्वयन गरिनेछ, यसको लागि भौगोलिक अवस्था र विद्यार्थी संख्यालाई प्रमुख आधार मानिनेछ।

## २.६ कार्यनीतिहरु

१. नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

५. गा.पा. भित्र रहेका सबै प्रकारका अपाङ्ग तथा गरिब र सिमान्तकृत बालबालिकालाई उनीहरुको अवस्था अनुकूल शिक्षा पहुँच सुनिश्चित गर्नु ।

६. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्रारम्भिक कक्षाका विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि शिक्षक पेशागत सहयोग, अभिभावक शिक्षा, सिकाइ सामग्री व्यवस्थापन, समुदाय परिचालन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. प्रारम्भिक बाल विकास र शिक्षा तथा आधारभूत तहमा भर्ना भएका बालबालिकाहरूको अपाङ्गताको पहिचान गरिनेछ । पहिचान भएका बालबालिकाको कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी सिकाइमा सहयोग गरिनेछ ।

९. सबै विद्यालयमा नियमित रूपमा अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप सञ्चालन, विद्यार्थीको नतिजाको बारेमा अभिभावकलाई जानकारी गराइ विद्यार्थीको सिकाइमा सुधार ल्याइनेछ ।

१०. आधारभूत तहको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक र आवश्यक सन्दर्भ सामग्री तयार गरी सबै बालबालिकालाई वितरण गरिनेछ ।

११. विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री लैङ्गिकमैत्री र प्रविधिमैत्री ,अपाङ्गमैत्री ,बनाउन भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ ।

१२. आपतकालिन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता र सिकाइ निरन्तरताका लागि आकस्मिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । विद्यालयमा शिक्षिका मैत्री सहायता कक्ष निर्माण गरिनेछ गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरिब, दलित, पिछडिएको वर्ग लगायत सम्पुर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक, शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ ।

१३. गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरिब, दलित, पिछडिएको वर्ग लगायत सम्पुर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक, शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ ।

१४. गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरिब, दलित, पिछडिएको वर्ग लगायत सम्पुर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक, शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ ।

१५. आधाभूत तहका सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमको तालिम सञ्चालन, विषयगत शिक्षकका लागि शिक्षक पेशागत सहयोग तालिम, पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

१६. सबै विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी सो योजनाका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७. विद्यालय प्रति समुदायको सहभागिता अभिवृद्धि र सिकाइ वातावरण सुधारका लागि विद्यालय व्यवस्थापन समिति अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाई प्रत्येक शैक्षिक सत्रमा विद्यालयको शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण, योजना निर्माणमा उपयोग र वार्षिक योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा ल्याइनेछ ।
१९. शिक्षकको शिक्षण सिकाइमा विताउने समय वृद्धिगरी विद्यार्थीको नतिजामा सुधार ल्याउन विद्यालयगत रुपमा प्रतिवेदन प्रतिवेदन प्रणाली स्थापना गरिनेछ । गाउँपालिका भित्रको शैक्षिक मूल्याङ्कन गर्नको लागी बर्षमा तिन पटक परीक्षा गरिनेछ ।
२०. शैक्षिक सुशासन र व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउन विद्यालयको लेखा तथा सामाजिक परीक्षण र सार्वजनिकीकरण, प्र.अ. र लेखासम्बद्ध कर्मचारीलाई लेखा तथा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।
२१. बालमैत्री भौतिक संरचनाको अवस्था सुधार गरिनेछ र बालबालिका अनुकूल बनाइनेछ ।
२२. विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी विद्यालय अनुगमन, शिक्षकको निरन्तर पेशागत सहयोग, सिकाइ सुधारका लागि शिक्षकलाई स्थलगत सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।
२३. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला, सिकाइ कुना, पाठ्यक्रम लगायतका सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छन् । परिणाम स्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुनेछ ।
२. सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुनेछ ।
३. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छन्। परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुनेछ ।
४. सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुनेछ ।

५. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थी मध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने ।

६. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सीप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजार अनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने ।

७. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने ।

८. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ।

**तालिका २.१**

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| सि. न. | सूचक | एकाइ | आधार वर्ष २०८० | लक्ष्य २०८५ | कै. |
|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | ६६.६ | ८५ | |
| १.२ | चार वर्षका बालबालिकाहरूक भर्ना अनुपात | | | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक | प्रतिशत | ८० | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक | प्रतिशत | ९८ | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रा.बा.वि.को अनुभव प्राप्त बालबालिका | प्रतिशत | ९८ | १०० | |
| १.६ | आधारभूत मापदण्ड पूरा गरेका केन्द्र | संख्या | ३० | ३४ | |
| १.७ | केन्द्र सञ्चालन | संख्या | २ | २ | |
| १.८ | बालबालिकाहरूका लागि सिकाइ सामग्री उपलब्ध केन्द्र | संख्या | १४ | ३४ | |
| १.९ | दिवा खाजा प्राप्त बालबालिका | प्रतिशत | १०० | १०० | |
| १.१० | अभिभावक र व्यवस्थापन समितिलाई अभिमुखीकरण केन्द्र | संख्या | २० | ३४ | |
| १.११ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार,सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | सङ्ख्या | १० | ३४ | |
| **२** | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | १०१.६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | कक्षा १मा खुद प्रवेशदर | प्रतिशत | ९६.३ | | |
| २.३ | कुल भर्नादर (१-५) | प्रतिशत | १००.६ | | |
| २.४ | खुद भर्नादर (१-५) | प्रतिशत | ९६.३ | | |
| २.५ | कुल भर्नादर (१-८) | प्रतिशत | ९९.३ | | |
| २.६ | खुद भर्नादर (१-८) | प्रतिशत | ९५.२ | | |
| २.७ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | ९१.९ | | |
| २.८ | कक्षा १ मा दोहोऱ्याउने दर | प्रतिशत | २.७ | | |
| २.९ | कक्षा १ मा छाड्ने दर | प्रतिशत | ०.८ | | |
| २.१० | कक्षा ८ सम्म टिकाउदर | प्रतिशत | ८०.६ | | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ७९.३ | | |
| २.१२ | १ महिना भन्दा बढी सञ्चित बिदा र सुत्केरी शिक्षकको सट्टा शिक्षक | संख्या | - | | |
| **३** | **माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | ९१.६ | ९७ | |
| ३.२ | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ८१.३ | ९० | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ७१.२ | ८० | |
| ३.४ | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ६०.७ | ६७ | |
| ३.५ | कक्षा ११-१२ को कुल भर्नादर | प्रतिशत | ४०.४ | ५० | |
| ३.६ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | २९.६ | ३५ | |
| ३.७ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | ७९.७९ | .९० | |
| ३.८ | गाउँपालिकामार्फत न्यूनतम दरबन्दी सुनिश्चित गर्नका लागि थप शिक्षक व्यवस्थापन | सङ्ख्या | २१ | | |
| ३.९ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | संख्या | १२०४ | १२०४ | |
| ३.१० | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी | संख्या | २४०२ | २४०२ | |
| ३.१० | प्राविधिक धारका विद्यालय | संख्या | १ | १ | |
| ३.११ | नमुना विद्यालय | संख्या | ० | २ | |
| **४** | **विद्यालय व्यवस्थापन र नियमन** | | | | |
| ४.१ | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | सङ्ख्या | ३४ | ३४ | |
| **५** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ५.१ | डिजिटल तथा वित्तीय साक्षरता कक्षा सञ्चालन | सङ्ख्या | ५ | १७ | |
| ५.२ | सामुदायिक पुस्तकालय एवम् सिकाइ केन्द्र सञ्चालन तथा सहयोग | संख्या | २ | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | |
| ६.१ | राष्ट्रिय पाठ्यक्रम तथा प्रारूप २०७६ अनुसार विकास भएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण तथा कार्यान्वयन | प्रतिशत | १०० | १०० | |
| ६.२ | स्थानीय पाठ्यक्रम विकास | सङ्ख्या | ३ | ५ | |
| ६.३ | सिकाइ उपलब्धि परिक्षण | सङ्ख्या | ३ | | |
| ६.४ | स्थानीय पाठ्यपुस्तक विकास | सङ्ख्या | ० | ८ | |
| ७ | **शिक्षक विकास र व्यवस्थापन** | | | | |
| ७.१ | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | प्रतिशत | ६४.१८ | | |
| ७.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | प्रतिशत | २६.४७ | | |
| ७.३ | शिक्षक क्षमता विकास तालिम | संख्या | १ | | |
| ७.४ | व्यवस्थापन तालिम | प्रतिशत | १ | | |
| ७.५ | शिक्षक सहयोग समूह गठन र परिचालन | समूह | ८ | | |
| ७.६ | शिक्षक सहयोग र पृष्ठपोषण पद्धतिको विकास | पटक | १ | | |
| ८ | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| ८.१ | पूर्वाधार विकास | विद्यालय | १० | ३३ | |
| ८.२ | इन्टरनेट कनेक्टिभिटी | विद्यालय | १० | ३३ | |
| ८.३ | सूचना प्रविधि ल्याब | विद्यालय | १० | ३३ | |
| ८.४ | सूचना प्रविधि सम्बन्धित क्षमता विकास | प्रतिशत | २ | १६ | |
| ९ | **शासकीय प्रबन्ध तथा व्यवस्थापन** | | | | |
| ९.१ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार | विद्यालय | ० | ३३ | |
| ९.२ | कर्मचारीहरूको क्षमता विकास | प्रतिशत | ६० | १०० | |
| ९.३ | प्रतिवेदन प्रणालीको सुदृढीकरण | प्रतिशत | ४० | १०० | |
| ९.४ | शिक्षा समिति बैठक | सङ्ख्या | ७ | १२ | |
| ९.५ | शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास | सङ्ख्या | ० | १ | |
| ९.६ | विद्यालय सुधार योजना निर्माण | सङ्ख्या | ३३ | ३३ | |
| ९.७ | सामाजिक परीक्षण | सङ्ख्या | ३३ | ३३ | |
| ९.८ | EMIS व्यवस्थापन र प्रकाशन | सङ्ख्या | ३४ | ३४ | |
| ९.९ | विद्यालय कार्यसम्पादन परीक्षण | प्रतिशत | ३३ | ३३ | |
| १० | **शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | | | |
| १०.१ | पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत | प्रतिशत | १९.६१ | २२ | |
| १०.२ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | १२ | २० | |

# परिच्छेद तीनः शिक्षाका उप-क्षेत्रहरू

## पृष्ठभुमि

गण्डकी प्रदेश, म्याग्दी जिल्ला, रघुगंगा गा.पा. अन्तर्गत विद्यालयहरुका शैक्षिक सुधारका लागि निर्माण गरेको यो पञ्चवर्षीय योजना हो । यस योजनामा विभिन्न उपक्षेत्रहरु निर्माण गरी थप व्यवस्थित गरिएको छ। योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समिक्षा गरिएको छ, जसबाट आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार भएको छ । यस योजनाको परिच्छेद २ मा उल्लिखित योजनाको दूर दृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र अपेक्षित उपलब्धिका आधारमा विद्यालय शिक्षाका उपक्षेत्रहरू प्रारम्भिक बाल शिक्षा र विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र पेशागत विकास, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या चुनौतीहरूको पहिचान गरिएको छ । ती समस्या एवम् चुनौतीहरूको सम्बोधन गर्नका लागि यस परिच्छेदमा उपक्षेत्रगत रूपमा उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रिया कलाप र लक्ष्यहरू निर्धारण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको शिक्षा दिई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रमनै प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा ४ वर्ष उमेर पूरा गरेका बालबालिकाहरूको लागि अनिवार्य एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनको लागि सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले सहयोग हुन आवश्यक छ । प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता सहजकर्ताको योग्यता, पूर्वाधार, सिकाइ सामग्री, सिकाइ वातावरण तथा त्यसमा गरेको लगानी आदिमा निर्भर रहन्छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका वर्तमान अवस्थाको विश्लेषणगरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

रघुगंगा गा.पा. अन्तर्गत ३३ वटा बालबिकास केन्द्रहरु रहेका छन् । यी सवै वालविकास केन्द्रहरु विद्यालयमा नै सञ्चालित छन् । गाउँपालिकाको सवै विद्यालयको वालविकासमा अध्ययनरत विद्यार्थीहरको संख्या जम्मा ३५० (वि.सं. २०८१) रहेको छ। यी मध्ये अधिकांश बालबालिकाहरु सो तहमा भर्ना भएको पाइन्छ । साथै केही बालबिकास केन्द्रहरुमा उमेर नपुगेका बालबालिकाहरु समेत विद्यालय आउने गरेको पाइन्छ । पालिकाभित्र सामुदायिक सिकाइ केन्द्र सहित गरि हाल कार्यरत वालविकास सहजकर्ताको संख्या ३५ जना रहेका छन् । केही बालविकास सहजकर्ताहरुले मात्र आवश्यक तालिम लिनुभएको छ साथै शैक्षिक योग्यता पनि माथिल्लो छ भने केहि सहयोगी कार्यकर्ताहरुले तालिम पनि लिनुभएको छैन भने योग्यता पनि न्यून छ । तालिमबाट वञ्चित भएका छन् । वालविकास कक्षा सञ्चालनको लागि छुट्टै भवन, बाल मैत्री कक्षाकोठाको अभाव, शैक्षिक सामग्री तथा बाल खेलौनाका सामग्रीहरुको अप्रयाप्तताका कारणले यिनीहरुको व्यवस्थापन गर्न निकै कठिनाइ भएको छ । वालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको सेवा सुविधा न्यून हुनु, बिदा र जागिरको निरन्तरताको सुनिश्चितता नहुनुले यस तहको व्यवस्थापनमा थप जटिलता उत्पन्न गरेको छ ।

### ३.१.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. चार वर्ष उमेरका सबै बालबालिकाहरूलाई बालविकास शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. बालबिकासमा सिकेको १ वर्षे सिकाइ कक्षा १ मा अध्ययन वा अध्यापन गराउन अप्रयाप्तता देखिएकोले ब्रिज कक्षाको व्यवस्था गर्नु ।
३. प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गराउनु।

### ३.१.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. नमुना बालविकास केन्द्र छनोट गरी विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
२. वालकक्षालाई शैक्षिक सामग्री, खेल सामग्री सहित दक्ष वालविकास सहजकर्ताको व्यवस्था गरी रमाइलो वातावरण सिर्जना गरिनेछ ।

३. ४ वर्ष पुगेका वालवच्चालाई विद्यालयमा अनिवार्य भर्ना गर्न अभिभावक शिक्षा तथा सरोकारवाला हरुलाई परिचालन गरिनेछ ।
४. वालविकास शिक्षकलाई प्रोत्साहन र क्षमता अभिवृद्धिका कार्यक्रमहरु तयार गरिनेछ ।
५. वालवालिका मैत्री भौतिक संरचना र वालउद्यानको व्यवस्थापन गरिनेछ ।
६. गुणस्तरमा सु-निश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन र सिकाइ उपलव्धिको मूल्याङ्कनमा नयाँपन ल्याइनेछ ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) अपेक्षित उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**(ख) प्रमुख नतिजा**

१. लक्षित उमेर समुहको सम्पूर्ण वालवालिकाहरुलाई १ वर्षे प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
३. बालविकासको लागि तालिम प्राप्त शिक्षक र बालविकासको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने ।
४. समयानुसार पाठ्यक्रम परिमार्जन गरी उनीहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सु निश्चत गर्ने ।
५. बालवालिकाको आवश्यकता अनुसार नजिकका विद्यालयहरुमा नमुना बालविकास केन्द्रहरुको विकास हुने ।
६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, समुदाय, संघ संस्थाहरु र परिवारको जिम्मेवार हुने ।

(ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Target)

| क्र.सं. | प्रमुख क्रियाकलापरू | एकाइ | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित बजेट हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | | १ | २ | ३ | ४ | ५ |
| १. | प्रारम्भिक बालविकास तथा सामुदायिक सिकाइ केन्द्रहरू को नक्साङ्कन र पुनर्वितरण | पटक | - | २ | - | - | - | २ | नक्साङ्कन कार्यविधी | | १७० | | | |
| २. | बालबालिकाको लागि शैक्षिक सामग्री, पोशाक वितरण | प्रतिशत | - | २० | २५ | ३० | ३५ | १०० | | १७३८ | | | | |
| ३. | अभिभावक शिक्षा | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | २५० | २५० | २५० | २५० | २५० |
| ४. | बृज कक्षाको व्यवस्था | प्रतिशत | - | ४० | ४० | २० | - | १०० | | - | ३०० | ३०० | २०० | - |
| ५. | क्षमता अभिवृद्दि तालिम | संख्या | - | २ | २ | २ | २ | | | - | १०० | १०० | १०० | |
| ६. | बाल उद्यान | इकाई | - | ६ | ८ | ११ | ८ | ३३ | | - | १०० | १२० | १६० | १२० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई कुनै पनि व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको छ । यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो । नेपाल संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क शिक्षा पाउने हक हुने छ भनी व्यवस्था गरेको छ । निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन, २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पूनर्संरचना गरेर कक्षा १ देखि ८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा पारिभाषित गरेपछि विद्यालय शिक्षा हाललाई जम्मा दुई तहको भएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी हटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पक्षमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदी कम आय भएका मुलुकका सबै बालबालिकाहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रघुगंगा गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकास कार्यक्रमहरू समावेश गरेको छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा आधारभूत शिक्षा कार्यक्रमका वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि आधारभूत शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२**

**आधारभूत शिक्षासम्बन्धी विवरण २०८१**

| सि.नं. | विवरण | सामुदयिक | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत विद्यालय सङ्ख्या | २४ | |
| २ | विद्यार्थी सङ्ख्या | १८८४ | |

| | | | |
|---|---|---|---|
| ३ | विद्यालय र विद्यार्थी अनुपात | १:७० | |
| ४ | कुल भर्नादर (१-५) | १०१.६ | |
| ५ | खुद भर्नादर(१-५) | ९६.३ | |
| ६ | कुल भर्नादर (१-८) | ९९.३ | |
| ७ | खुद भर्नादर (१-८) | ९५.२ | |
| ८ | कक्षा ५ पूरा गर्ने दर | ८१.४९ | |
| ९ | कक्षा ५ को टिकाउदर | | |
| १० | कक्षा ८ पूरा गर्ने दर | ९२.४१ | |
| ११ | कक्षा ८ को टिकाउदर | | |
| १२ | विद्यालय बाहिर रहेको आधारभूत तह उमेर **समूह**को जनसङ्ख्या | | |
| १३ | कक्षा दोहोऱ्याउने दर (१-८) | | |
| १४ | कक्षा छाड्ने दर (१-८) | | |
| १३ | ३० दिनको तालिम प्राप्त शिक्षक सङ्ख्या | ० | |

(स्रोत : EMIS 2081)

माथिका तालिकाबाट हेर्दा सामुदायिक अधारभूत तहमा कुल विद्यार्थी सङ्ख्या १८८४ जना रहेका छन । विद्यालय विद्यार्थी अनुपात १:७० रहेको छ।शैक्षिक सत्र २०८० मा कक्षा ८ पूरा गर्ने दर ९२.४१ प्रतिशत रहेको छ । तथ्याङकलाई नियाल्दा कक्षा ५ पुरा गर्ने दर भन्दा कक्षा ८ पुरा गर्ने दर बढी रहेको पाइएको छ ।

उल्लिखित विश्लेषणका आधारमा आधारभूत शिक्षाको क्षेत्रमा देहायबमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. संस्थागत सुशासनको अनुभूति ।
२. आधारभूत शिक्षामा सबै वालबालिकाकोहरुको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
३. अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने ।
४. आधारभूत तहमा सिकाइको गुणस्तर वृद्धि गरी विद्यार्थीको सिकाइ उपलव्धीमा सुधार ल्याउने ।
५. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री बनाउने ।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षता वृद्धि गर्ने ।

७. आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा विषयगत, सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्ने ।
८. पोषण, स्वास्थ्य, सरसफाइ, दिवाखाजा लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने ।
९. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने ।
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल बनाउने ।
११. विद्यालय शिक्षा प्रणालीलाई विद्यार्थीको सिकाई प्रति उत्तरदायी बनाउने ।
१२. विद्यार्थी मूल्याङ्कनलाई स्तरीकृत गरी शिक्षकको कार्यसम्पादनमा जोड्ने ।

### ३.२.३ लक्ष्य

सबै बालबालिकाको लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
२. आधारभूत शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।
३. अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्नु,
४. विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने ।
५. आधारभूत तहमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरलाई शून्यमा झार्नु ।
६. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
७. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसंग सम्वन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
८. आधारभूत तहको विद्यार्थी मुल्याङ्कन पद्धतीलाई विश्वसनीय र वैध बनाउनु ।

### ३.२.५ रणनीतिहरू

१. विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिनेछ ।
२. स्थानीय सरकारले अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वियन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय तहले आफ्नो क्षेत्र भित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ तथ्याङ्क संकलन गरी उनिहरुको पहुँच सुनिश्चित गरिनेछ ।
४. आधारभूत तहको न्युनतम सिकाइ उपलव्धि हासिल गर्न आवधिक रुपमा सिकाइको मुल्याङ्कन गरी

विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रध्यानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेहि हुने प्रणाली विकास गरिनेछ ।

५. सवै आधारभूत विद्यालयहरुमा खानेपानी, शौचालय, तथा सरसफाइको उचित प्रबन्ध सहित न्युनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशि र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।

६. दलित, सिमान्तकृत तथा अपाङ्गता भएका विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७. न्युनतम सक्षमता पुरा गराउन स्थानीय तहले संघीय र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

८. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था मिलाउने, तालिम, तयारी, प्रोत्साहनका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

९. शिक्षक तथा प्रधानाध्यापकहरुको क्षमता, उत्प्रेरणा र व्यवस्थापन तथा सुचना सञ्चार प्रविधिसंग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सरोकारवालाहरु, अभिभावकहरुको क्षमता विकास र अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।

११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घ संस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलव्ध गराइनेछ ।

१३. दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थीत गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र दिवा खाजाको लागि स्थानीय उत्पादनलाई बढि प्राथमिकता दिइनेछ ।

१४. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

१५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप सिकाइलाई दैनिक जीवनसंग सम्वन्धित गराउनका लागि व्यवहार कुशल सीपहरुलाई सिकाइ क्रियाकलापमा एकिकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाई क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गरिनेछ ।

१६. नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरि विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ ।

१७. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलव्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गरिनेछ।

१८. शिक्षक पेशागत विकास र सहायता प्रणालीलाई व्यवस्थीत गरिनेछ ।

१९. कक्षा ५ र ८ को मुल्याङ्कन प्रणालीलाई अझै स्तरीकृत बनाइनेछ ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

गुणस्तरीय आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

**(ख) नतिजा**

१. आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुगेको हुने ।
२. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
३. सबै विद्यालयको प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा हुने ।
४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रवन्धवाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
५. विद्यार्थीहरुलाई सरसफाई राख्न प्रत्येक विद्यालयमा सरसफाई सामग्री वितरण गरी स्वस्थ र सरसफाइयुक्त बनाइने ।
६. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलव्धिमा लैङ्गिक समता सुचकमा सुधार हुने ।
७. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल रहने ।
८. विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।
९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
१०. विद्यार्थी मुल्याङ्कनलाई शिक्षकको कार्यसम्पादनसंग जोड्ने ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित बजेट हजार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | | १ | २ | ३ | ४ | ५ |
| १. | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | - | २ | २ | १ | | ५ | | - | - | - | - | - |
| २. | शिक्षक दरबन्दी मिलान | | १ | १ | १ | १ | | ५ | | - | - | - | - | - |
| ३. | विद्यार्थी भर्ना अभियान | पटक | १ | १ | १ | १ | | ५ | | - | १६५ | १६५ | १६५ | १६५ |
| ४. | भौतिक विकास | संख्या | २ | २ | २ | २ | २ | १० | | - | १००० | १००० | १००० | १००० |
| ५. | पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | - | - | १ | | २ | | - | १०० | - | - | २०० |
| ६. | शिक्षकहरुलाई आइ सि टि तालिम | प्रतिशत | - | ४० | ३० | ३० | - | १०० | | - | ५० | ४० | ४० | - |
| ७. | वि.व्य.स. शि.अ.सं. पदाधिकारीहरुलाई तालिम र अभिमुखीकरण तालिम | प्रतिशत | - | २० | ३५ | २५ | २० | १०० | | - | २० | ३५ | २५ | २० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा नेपालको विद्यालय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा वर्गीकरण गरे अनुसार ९ देखि १२ सम्ममा दिइने औपचारिक शिक्षालाई माध्यमिक शिक्षा मानिन्छ । माध्यमिक शिक्षाले मानवीय मूल्य, कलासंस्कृति, विज्ञान र सूचना प्रविधि तथा आधारभूत मूल्य मान्यताका ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहार आर्जन गरेका जनशक्तिको उत्पादनको लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गराउने सीपसहितको नागरिक विकास र उच्च शिक्षाको आधार पनि हो । नेपालको संविधान२०७२ले माध्यमिक शिक्षालाई स्थानीय तहको शिक्षा अधिकार क्षेत्र भित्र समेट्दै पूर्ण निःशुल्क हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क सहज पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारी गुणसहित सीपयुक्त उत्पादनशील जनशक्ति उत्पादनको उद्देश्य राखेको छ । प्राविधिक (प्राविधिक, व्यावसायिक), साधारण (नियमित, खुला तथा वैकल्पिक) र परम्परागत (धार्मिक) गरी तीन धारबाट शिक्षा आर्जन, सीप विकास गर्दै भावी जीवनका थुप्रै विषयमा निर्णय लिन सक्ने बनाउन विविध परामर्शी दिनुपर्ने आवश्यकता पनि राख्दछ । कक्षा ११ र १२ मा एकल पथीय पाठ्यक्रम लागु छ भने कक्षा ९-१२ तर्फ साधारण र प्राविधिक गरी दुई धार लागु छ । रघुगंगा गाउँपालिकामा माध्यामिक शिक्षालाई साधारण र प्राविधिक दुई धारबाट शिक्षा नीतिका राष्ट्रिय उद्देश्यहरू प्राप्त हुने किसिमले निःशुल्क, प्रविधियुक्त, सीपमूलक, बालमैत्री र समावेशी बनाउँदै एकातिर जीवन यापनका आधार र अर्कातिर उच्च शिक्षाको आधार स्तम्भका रूपमा विकास गर्नुपर्ने चुनौती पनि छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा माध्यमिक शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषणगरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि माध्यमिक शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

माध्यामिक शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.४

| सि.नं. | विवरण | सामुदयिक | कैफियत |
|---|---|---|---|
| १. | माध्यमिक विद्यालय सङ्ख्या | १० | |
| २. | विद्यार्थी सङ्ख्या (९-१२) | ५१६ | |
| ३. | विद्यालय विद्यार्थी अनुपात | १:५१.६ | |

| | | | |
|---|---|---|---|
| ४. | कुल भर्नादर (९-१०) | ९१.६ | |
| ५. | खुद भर्नादर(९-१०) | ८१.३ | |
| ६. | कुल भर्नादर (९-१२) | ७१.६ | |
| ७. | खुद भर्नादर(९-१२) | ६०.७ | |
| ८. | कक्षा १० पूरा गर्ने दर | | |
| ९. | कक्षा १० को टिकाउदर | | |
| १०. | शिक्षक विद्यार्थी अनुपात (९-१२) | | |
| ११. | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको जनसङ्ख्या | | |
| १२. | कक्षा दोहोऱ्याउने दर (९-१०) | | |
| १३. | कक्षा छाड्ने दर (९-१२) | | |
| १४. | ३० दिनको तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या | | |

(स्रोत :EMIS 2081)

माथिका तालिकाबाट हेर्दा सामुदायिक माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्या ५१६ जना (वि.सं. २०८१) रहेका छन् । वि.स. २०८१ अनुसार विद्यालय शिक्षक अनुपात १:५१.६ रहेको छ । कक्षा १० उत्तीर्ण गरेका सम्पूर्ण विद्यार्थीहरुले कक्षा ११ मा भर्ना भइ अध्ययन नगरेको पाइयो भने केही विद्यार्थी अन्य स्थानमा भर्ना भएका छन् । भौगोलिक विकटताको कारण नजिकमा कक्षा ११ को पढाइ हुने विद्यालय नहुनुले पनि समस्या देखिएको छ ।

उल्लिखितविश्लेषणका आधारमा माध्यमिक शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. निशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु ।
२. माध्यमिक शिक्षा बाहिरका बालबालिकालाई विद्यालय भर्ना गराइ टिकाउदर बढाउनु ।
३. आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएकार कठिन परिस्थितिमा परेका बालबालिकालाई माध्यमिक शिक्षामा समता मुलक पहुँच सुनिश्चित गर्नु ।
४. माध्यमिक तहको प्राविधिक धारलाई व्यवस्थित गर्नु ।
५. सूचना तथा सञ्चार प्रविधिमा सवै शिक्षक तथा विद्यार्थीको समतामुलक पहुँच वृद्धि गर्नु ।
६. आइ सि टी का साधनहरुको सदुपयोग गर्नु ।
७. प्राकृतिक प्रकोप तथा दुर्घटना, महामारी जस्ता घटनाहरु प्रति उत्थानशिल बनाउनु ।
८. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु ।

९. विद्यार्थी मूल्याङ्कन पद्दतीलाई शिक्षकको कार्य सम्पादन संग जोड्नु ।
१०. विद्यालय शिक्षालाई विविधता अनुकूल समावेशी र समयानुकूल समतामूलक बनाउनु ।
११. बिषयगत शिक्षक दरबन्दी व्यवस्था गर्नु ।
१२. बिद्यालय शिक्षा र रोजगार बिच तालमेल हुनु ।
१३. गणित, विज्ञान र अंग्रेजी विषयको उत्तीर्णदर अभिवृद्धि गर्नु ।
१४. भौतिक संरचनाहरु समयानुकूल विस्तार गर्नु ।
१५. परीक्षा प्रणालीलाई व्यवहारिक र प्रयोगात्मक बनाउनु ।

### ३. ३. ३ लक्ष्य

सबै बालबालिकाको लागि समतामूलक तथा गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ३. ३. ४ उद्देश्य

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
३. विद्यालयको भौतिक एवं शैक्षिक वातावरण बालमैत्री, समावेशी, सिकाइ मैत्री र सुरक्षित बनाउनु
४. माध्यमिक तहको प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु ।
५. माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्नु ।
६. शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र वैज्ञानिक बनाउदै सिकाईलाई दैनिक जीवनसँग जोड्नु।
७. माध्यमिक तहका विद्यालयमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था र वृत्ति विकासमा जोड दिनु ।
८. आवासीय विद्यालय साथै यातायातको सुविधा विस्तार गर्नु ।
९. आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक धारका विद्यालयलाई थप व्यवस्थित गर्नु ।
१०. विद्यार्थीहरुलाई भुकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोप र महामारी, दुर्घटना इत्यादी विपतमा सुरक्षित हुदै एक अर्कामा सहयोगी भावनाको विकास गर्नु ।
११. माध्यमिक तहमा आवश्यकता अनुसार नेपाली र अंग्रेजी दुवै भाषाको माध्यमबाट पठनपाठनको व्यवस्था मिलाउन जोड दिनु ।
१२. माध्यमिक तहको अध्ययन पश्चात भविष्यका पेशागत अवसरका बारेमा जानकारी गराइ जीवनको लक्ष्य निर्धारण गर्न उचित परामर्श दिनु।

### ३. ३. ५ रणनीतिहरू

उपरोक्त उद्देश्यहरू हासिल गर्नका निम्ति निम्न रणनीतिहरू अपनाइने छः

१. विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूको प्रचार प्रसार तथा अनुसरण गर्नका लागि प्रोत्साहन गरिनेछ ।

२. निशुल्क माध्यमिक शिक्षा सुनिश्चत गरिनेछ ।

३. संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास तथा गुणस्तर वृद्धि गरिनेछ ।

४. संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी माध्यमिक शिक्षकहरुलाई पेशागत तालिमहरु र प्रधानाध्यापकहरुलाई व्यवस्थापकीय पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।

५. शिक्षकहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा जिम्मेवारी बनाई विद्यार्थीको नतिजा प्रति जवाफदेही र उत्तरदायी बनाइनेछ ।

६. विद्यालय अनुगमन, सहपाठी कक्षा अवलोकन, शिक्षक सहायता जस्ता कार्यलाई जोड दिइ माध्यमिक शिक्षा परीक्षाको शैक्षिक उपलब्धी वृद्धि गरिनेछ।

७. यस गाउँपालिकाद्धारा निर्मित कक्षा ६-१० को वार्षिक शैक्षणिक योजना अनुसार अनिवार्य विषयका शैक्षणिक योजनालाई प्रभावकारी कार्यान्वयन गर्न वार्षिक कार्यतालिका निर्माण गरी दैनिक पाठयोजना निर्माण अनुसार सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

८. सबै विद्यालयमा व्यवस्थित ICT LAB, विज्ञान, गणीत, अंग्रेजी विषयको प्रयोगशाला तथा शैक्षिक सामग्रीको व्यवस्था गरी शिक्षक र विद्यार्थीको पहुँच स्थापित गरिनेछ।

९. गणीत, विज्ञान, अंग्रेजी विषयहरुलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, शिक्षक र अभिभावकमा सहज अनुभुति हुने गरी वातावरण तयार गरिनुका साथै सिकाइ उपलब्धी कम भएका विद्यार्थी पहिचान गरि अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

१०. संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी माध्यमिक तहमा अपुग रहेको शिक्षक दरबन्दी थप गर्न जोड दिइनेछ।

११. प्राविधिक धार सञ्चालन भएको विद्यालयको उचित व्यवस्थापन गर्दै आवश्यकताको आधारमा प्रयास फिल्ड को व्यवस्था मिलाउन जोड दिदै शिक्षक र विद्यार्थी टिकाउदर वृद्धि गरिनेछ।

१२. आवश्यकता अनुसार आवासिय विद्यालय सञ्चालन र यातायातका साधनको प्रबन्ध गरिनेछ ।

१३. विद्यार्थीहरुलाई भुकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोप र महामारी, दुर्घटना, इत्यादि विपतमा सुरक्षित हुदै एकापसमा सहयोगको भावना विकास गरिनेछ ।

१४. प्राकृतिक प्रकोप र महामारीबाट बच्न विद्यालयहरुमा तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१५. आवश्यकता अनुसार माध्यमिक तहमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट शिक्षण सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ ।

१६. माध्यमिक शिक्षाको महत्व, आवश्यकता बोध गराउन विद्यार्थीहरुमा माध्यमिक शिक्षा पछिको पेशागत अवसरहरुबारे अभिप्रेरित गराइ जीवनको लक्ष्य निर्धारण गर्न प्रेरित गरिनेछ ।

१७. विद्यालयलाई व्यवस्थित र सुसज्जीत बनाउन विद्यालय घेराबार, सुरक्षा गार्ड, फूलबारी निर्माणको अवधारणा ल्याइनेछ ।

### ३. ३. ६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजा**

१. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछन् ।

२. माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुनेछ।

३. माध्यमिक शिक्षा पुर्ण रुपमा निशुल्क भइ भर्नादर, टिकाउदर र उपलब्धि वृद्धि गर्ने ।

४. विद्यालयहरु अपाङ्गमैत्री, बालमैत्री र समावेशी हुनेछन् ।

५. शिक्षासँग सरोकार राख्ने सबै पक्षहरु जवाफदेही हुनेछन् ।

६. माध्यमिक विद्यालयहरु आवासीय हुनेछन् ।

७. शिक्षकहरु भौतिक तथा भर्चुअल माध्यमबाट तालिम प्राप्त हुनेछन् ।

८. दक्ष, अनुभवी र विषयगत उत्कृष्टताको आधारमा शिक्षक तथा विद्यालय पुरस्कृत हुनेछन् ।

९. माध्यमिक तहका सबै शिक्षकहरुमा एक ल्यापटप हुनेछन् ।

१०. अपाङ्गता भएका बालबालिकाहरु र कठिन परिस्थितिबाट गुज्रेका बालबालिकाहरुको शिक्षामा समतामुलक पहुँच बढ्नेछ ।

११. गणित, विज्ञान र अंग्रेजी विषयको दरबन्दी व्यवस्थापन भइ शैक्षिक उपलब्धि बढ्नेछ ।

१२. माध्यमिक शिक्षा पछि पेशागत अवसरका बारेमा जानकार हुनेछन् ।

१३. हरेक माद्यमिक विद्यालयमा चमेना गृहको व्यवस्था भई पोषण युक्त दिवा खाजाबाट लाभान्वित हुनेछन् ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित बजेट हजार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | | १ | २ | ३ | ४ | ५ |
| १. | शिक्षक दरबन्दी मिलान अनुदान कोटा | पटक | १ | १ | १ | १ | १ | ५ | | - | - | - | - | - |
| २. | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | - | - | - | - | - |
| ३. | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | - | - | - | - | - |
| ४. | प्रति विद्यार्थी अनुदान (PCF) | संख्या | १ | १ | १ | १ | १ | ५ | | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| ५. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | २ | २ | २ | २ | २ | १० | | - | १००० | १००० | १००० | १००० |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | - | १० | १० | १० | १० |
| ७. | शिक्षकहरुलाई आइ सि टि तालिम | प्रतिशत | - | ३० | २० | ३० | २० | १०० | | - | ३५ | ३५ | ३५ | ३५ |
| ८. | प्राविधिक धारलाई स्तरोन्नती | संख्या | - | १ | - | - | - | १ | | - | २०० | ३०० | - | - |
| ९. | आवासीय विद्यालय विकास | संख्या | - | १ | १ | १ | १ | ४ | | - | ५०० | ५०० | ५०० | ५०० |
| १०. | विद्यालयमा यातायातको प्रवन्ध | संख्या | - | १ | - | - | १ | २ | | - | - | ५००० | ५००० | - |
| ११. | विद्यालयमा स्वास्थ्य कर्मी | संख्या | - | २ | ३ | ३ | २ | १० | | - | ३०० | ४०० | ४०० | ३०० |
| १२. | खेलमैदान निर्माण | संख्या | - | २ | १ | १ | १ | ५ | | - | २००० | १००० | १००० | १००० |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

### ३.४.१ परिचय

कुनै पनि पेसा वा व्यवसाय सम्बन्धी ज्ञान, सीप प्रदान गरी व्यक्तिलाई व्यावसायिक सीपयुक्त र उद्यमशील बनाउने शिक्षा प्राविधिक शिक्षा हो । आजको समाज विज्ञान र प्रविधिको युगमा प्रवेश गरेको छ । सैद्धान्तिक किताबी ज्ञानको सट्टामा जीवनोपयोगी तथा व्यावहारिक ज्ञान सहितको शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यूनमध्यम तथा उच्चस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम कार्यक्रमको उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसंग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ । नेपालमा सीप र व्यवसायको विकास लिच्छवी कालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको शुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालयबाट भएको हो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राबिधिक शिक्षा सञ्चालन गर्ने निर्णय २०६८ सालमा गरेको थियो । सोही निर्णयानुसार २०७० सालदेखि कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ ओटा विद्यालयमा प्रारम्भ भयो । वि.सं. २०७२ सालदेखि ९३ सामुदायिक माद्यमिकमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन प्रारम्भ भयो । वि.सं. २०७२ देखि कक्षा ११ मा पठनपाठन पनि प्रारम्भ गरियो । इन्जिनियरङतर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर, कृषी तथा पशु विज्ञानतर्फ बाली विज्ञान र पशु विज्ञानका कार्यक्रमहरु सञचालनमा ल्याइए । प्रारम्भमा ९९ विद्यालमा परीक्षण गरिएको यो कार्यक्रम शैक्षिक सत्र २०७८ सम्म आइपुग्दा ४८४ विद्यालय सञ्चालनमा छन् ।

यस रघुगंगा गाउँपालिकाको वडा नं. २ राखु भगवतीमा अवस्थित श्री मुक्तिधाम माध्यमिक विद्यालयमा वि.सं. २०७६ साल देखी प्राविधिक कृषी धारको पढाइ सन्चालन भएको छ । उक्त विद्यालयमा कक्षा ९-१२ सम्म बाली विज्ञान विषयको अध्ययन-अध्यापन कार्य सञ्चालन भएको छ । यस प्राविधिक विद्यालयले कृषी विज्ञानको अध्यापन गराउन शुरु गरेपछि विद्यार्थीहरुलाई विभिन्न कृषीजन्य उत्पादन कार्य सहभागि गराउदै कृषीजन्य वस्तु उत्पादन गरी विद्यार्थीहरुलाई "पढ्दै कमाउदै, कमाउदै पढ्दै" कार्यक्रमसंग जोडेको छ । विद्यार्थीहरुले मध्यमस्तरको प्राविधिक सीप आर्जन गरी उनीहरुको व्यक्तिगत जीवनमा आत्मनिर्भर हुनको लागि सक्षम तुल्याएको छ । विद्यार्थीहरु रमाई-रमाई प्रयोगात्मक कार्यमा लागेका छन् । विद्यार्थीहरुले आर्जन गरेको ज्ञानले गर्दा उनीहरुले आफ्नै विद्यालयको फिल्डमा विभिन्न जस्तै तरकारी जन्य पदार्थहरु जस्तै विभिन्न प्रजातीका च्याउहरु, लहरेबालीहरु, साथै माहुरी पालन, फलफूल खेती र पुष्प उत्पादन गरेका छन् । त्यसैगरि विद्यार्थीहरुले विद्यालयमा सिकेका अनुभवहरुलाई आ-आफ्नो घर र समुदायमा समेत कृषीजन्य पदार्थहरु उत्पादन गरी अन्य समुदायका कृषकहरुलाई समेत आफ्नो अनुभव साटासाट गरी कृषकहरुलाई वैज्ञानिक तरिकाबाट खेतीपाती गर्न उत्प्रेरित गरेका छन् ।

उल्लिखित विश्लेषणका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. शिक्षामा शिक्षकहरुका लागि सुचना प्रविधिहरुको कार्यशाला, गोष्ठी, तालिम नहुनु ।
२. विपन्न तथा पछाडि परेका वर्ग समुदायका युवाहरूलाई सहुलियतपूर्ण प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसर उपलब्ध गराउनु ।
३. प्रविधिका सामग्रीहरु अप्रयाप्त हुनु वा नहुनु ।
४. नविनतम प्रविधिको प्रयोग गर्न असमर्थ हुनु ।
५. फिल्ड व्यवस्थापन, स्रोत तथा पुर्वाधारहरुको सिमित पहुँच, विद्यार्थी संख्या कम हुनु ।
६. कृषी फार्म तथा अनुसन्धान केन्द्रहरुमा भ्रमण र अवलोकन गर्ने अवसर नहुनु ।
७. कृषी प्रशिक्षक र विद्यार्थी टिकाउन नसक्नु ।

### ३.४.३ लक्ष्य

प्राविधिक शिक्षाको माध्यमद्वारा मध्यम स्तरीय आत्मनिर्भरव्यवसायिक सोच सहितको उत्पादनशिल गरी उच्च शिक्षाको लागि तयार गर्ने । प्राविधिक जनशक्ति तयार

### ३.४.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### ३.४.५ रणनीति

१. भौगोलिक अवस्थालाई मध्यनजर गरी विद्यालयमा प्राविधिक शिक्षालय विस्तार गरिनेछ ।
२. गरीब तथा पिछडिएको वर्गलाई प्राविधिक शिक्षामा प्राथमिकता दिइनेछ ।
३. दक्ष जनशक्तिहरूमार्फत तालिमको व्यवस्था गरिनेछ ।
४. विद्यालय, स्थानीय तह विच समन्वय गरी प्राविधिक शिक्षाको आवश्यकता र अवसरहरुबारे जनचेतना फैलाइनेछ ।
५. प्राविधिक शिक्षालाई श्रव्य दृश्य सिकाइ तरिका बढी प्रभावकारी हुने भएकोले कक्षाकोठालाई प्रविधिमैत्री बनाइनेछ ।
६. विभिन्न अनुसन्धान केन्द्रहरुको समन्वयमा फिल्ड भ्रमण तथा अवलोकनको व्यवस्था गराइनेछ ।
७. प्राविधिक विद्यालयमा अध्यापन गराउने शिक्षक/प्रशिक्षकहरुलाई नियमित रुपमा तालिमको व्यवस्था मिलाइनेछ ।
८. विद्यार्थीहरुको टिकाउदर वृद्धि गर्न विभिन्न खालका आकर्षक कार्यक्रमहरु तयार गरी कार्यान्वयन गराइनेछ ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. प्राविधिक शिक्षाको पहुँच तथा मध्यमस्तरको जनशक्ति उत्पादनमा वृद्धि गर्ने ।
२. प्राविधिक शिक्षाको आवश्यकता र अवसर वृद्धि गर्ने ।
३. प्रशिक्षकहरुमा थप क्षमता विकास हुने ।
४. समुदाय आधुनिक खालको कृषी प्रणाली अवलम्वन गर्न प्रेरित हुने ।

**नतिजा**

१. मध्यमस्तरको प्राविधिक तयार हुने ।
२. स्थानीय कृषीजन्य वस्तुहरुको उत्पादनमा वृद्धि हुने।
३. व्यवसायिक उत्पादनमा जोड दिने ।
४. समुदायको आयस्तरमा वृद्धि हुने ।
५. स्थानीय समुदायको बजारसंगको सम्बन्ध बढ्ने ।

### ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित बजेट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | १ | २ | ३ | ४ | ५ |
| १. | प्राविधिक धार सञ्चालन भएका विद्यालयको फिल्ड व्यवस्थापन | पटक | - | - | १ | - | - | १ | | | २४० | | | |
| २. | शिक्षक तालिम | पटक | - | २ | २ | १ | १ | ६ | | | ५० | | | |
| | | | | | | | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइ जीवनपर्यन्त निरन्तर चल्ने प्रक्रिया हो । यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सीप तथा सक्षमताहरुको विकास गर्छ । विधि वा औपचारिक माध्यममा मात्र सिमित हुनु हुदैन । शिक्षा औपचारिक शिक्षा पद्धति भन्दा भिन्न प्रकृतिको हुन्छ । विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर-भित्रसँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन् ।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सीपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ । यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनिति तथा कार्यक्रम प्रस्तुत गर्दछ । यसले निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ ।

### ३.५.२ वर्तमान अवस्था

विक्रम सम्बत २०७८ को जनगणना अनुसार रघुगंगा गाउँपालिकाको साक्षरता दर ७२.३% प्रतिशत रहेको छ । साक्षर मध्ये महिलाको साक्षरता दर ६२.७% रहेको छ । पुरूषको तुलनामा महिला साक्षरता दर कम रहेको छ । साथै पुरुषको साक्षरता दर ८२.८% रहेको छ ।

शैक्षिक तथ्याङ्क २०८० का अनुसार यस गाउँपालिकाको आधारभूत तहको खूद भर्ना दर ९५.२% रहेको छ । यसले अझै पनि केहि बालबालिकाहरु विद्यालय वाहिर रहेको देखिन्छ । हाल २ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । खुला तथा अनौपचारिक विद्यालयबाट नियमित विद्यालय भर्ना हुन समस्या रहेका बालवालिका तथा युवाहरुका लागि शिक्षा प्राप्त गर्ने अवसर सिर्जना भएको छ ।

विविध कारणबाट विद्यालय भर्ना हुन नसकेका बालबालिका तथा पढन चाहने युवाहरुको पहिचान गरी उनीहरुको आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ ।

### ३.५.३ उद्देश्य

१. नेपालका सबै युवा तथा प्रौढहरूलाई साक्षरताको सीप प्रदान गर्नु ।
२. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूकोविस्तार तथा विविधीकरण गर्नु ।
३. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।

### ३.५.४ रणनीति

१. साक्षर नेपाल अभियान पूरा गर्न सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक रअन्य साझेदारहरू परिचालन गरिनेछ ।

२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिनेछ ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ ।

५. साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न बनाई समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गरिनेछ ।

६. सार्बजनिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोतकेन्द्रको रूपमा विकास गरिनेछ ।

७. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

८. तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा समुदायमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरण सम्बन्धी संस्थाहरू एवम् जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने नीति निर्माण गरिनेछ ।

### ३.५.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने ।

**(ख) प्रमुखनतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर पालिका घोषणा | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| २ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी खण्डीकृत डाटाबेस | प्रतिशत | ८२ | ९२ | ९५ | ९८ | १०० |
| ३ | सामुदायिक सिकाइ केन्द्र | संख्या | - | २ | २ | २ | २ |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन । | वडागत | ८ | ८ | ८ | ८ | ८ | | | |
| २ | जीवनपर्यन्त सिकाइसम्बन्धी सरोकारवालाहरूको खण्डीकृत डाटाबेस तयारी । | - | - | - | - | - | - | - | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण र सञ्चालन । | - | - | - | - | - | - | - | | |
| ४ | सामुदायिक केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था र क्षमता विकास । | केन्द्रगत | - | १ | १ | १ | १ | ४ | | |
| ५ | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्था सँग साझेदारी तथा सहकार्य को स्वरूप तयारी । | वडागत | ८ | ८ | ८ | ८ | ८ | | | |

## परिच्छेद चारः अन्तर सम्बिन्धत विषय तथा क्षेत्रहरु

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच सुनिश्चित गर्ने तथा समानता, समता, सहभागिता अन्तरगत महत्पुर्ण विषयक्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन् । यी विषयक्षेत्रहरु निम्न अनुसार छन् :

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

पाठ्यक्रम बिनाको औपचारिक शिक्षा के पढाउने ? किन पढाउने ? कसरी पढाउने ? कहिले पढाउने ? र के प्राप्त गर्ने ? भन्ने जस्ता अनुत्तरित प्रश्नले अन्यौल नै रहने हुन्छ । त्यसकारण पाठ्यक्रम बिना व्यवस्थित पठनपाठनको कल्पना गर्न सकिँदैन । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि, विषयवस्तु, शिक्षण प्रक्रिया, क्रम र क्षेत्र, मूल्याङ्कन प्रक्रिया समेत स्पष्ट पारिदिएको हुन्छ । अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चितालाई मार्गदर्शन गर्नु र सिकारूले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि, ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगायत सिकाइ सहजिकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशन सहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाई लाई मार्गदर्शन गर्नु समग्रतामा पाठ्यक्रमको उद्देश्य भित्र पर्दछ । विभिन्न अध्ययन अनुसन्धानहरू सँग सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषण समेतका आधारमा पाठ्यवमको विकास गर्ने र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरेर १०/१० वर्षमा पाठ्यक्रमको समीक्षा र परिमार्जन गरेर पाठ्यक्रम विकास र परिमार्जन गर्ने गरिन्छ । विषयविज्ञले विद्यार्थी, शिक्षक, बालमनोविज्ञान र समाजको अपेक्षा तथा समयसापेक्ष आवश्यकताका आधारमा पाठ्यक्रम तर्जुमा गरी विषय समितिमा पेस गरेको खाकामा विषय समितिले अध्ययन गरेर सिफारिस गरेको पाठ्यक्रम मलाई पाठ्यक्रम विकास समितिले पारित गरेपछि पाठ्यक्रमले अन्तिम रूप लिने नीतिगत व्यवस्था छ ।

पाठ्यक्रम कार्यान्वयनको चरणमा रघुगंगा गाउँपालिकाले नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत प्राप्त पाठ्यपुस्तक तथा सन्दर्भसामाग्रीहरूको प्रयोगमा एकरूपता ल्याउन सहजिकरण गरेको छ । यसै परिप्रेच्छमा स्थानीय पाठ्क्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने दायित्व स्थानीय सरकार मातहत रहने व्यवस्थालाई मूर्तरूप दिन स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।

रघुगंगा गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीले भर्ना भएका दिन सङ्घीय सरकारमार्फत प्राप्त भएका निःशुल्क पाठ्यपुस्तक पाएका छन् भने सोहि अनुरूप विद्यालयहरूमा पठनपाठन भइरहेका छन्।

पाठ्यक्रम र मूल्याङ्कन पद्दतिलाई समयसापेक्ष बनाई अपेक्षित नतिजा हासिल गराउन विभिन्न प्रयत्नहरू गरिएको भएतापनि पाठ्यक्रममा आधारित सिकाइ गर्न नसिकएको, विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरी सिकाइका लागि मूल्याङ्कनको सुनिश्चितता गर्न नसकिएको, स्थानीय पाठ्यक्रम विकास भएको तर प्रभावकरी कार्यान्वयनले अपेक्षित गति लिन सकिरहेको छैन । यिनै परिदृश्यलाई मध्यनजर गरी यस खण्डमा विद्यालय शिक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयन, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षामा रहेर चुनैतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनैतीहरूलाई सामना गर्ने गरी पाठ्यक्रम तथा मूल्याङ्कन उपक्षेत्र तर्फका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहहरू तय गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

**पाठ्यक्रम तथा मूल्याङ्कन विवरण २०८०**

| सि.नं. | विवरण | विद्यमान अवस्था | कार्यान्वयन | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम | निर्माण भएको | १-३ सम्म भएको | |
| २ | स्थानीय पाठ्यक्रमको अभिमुखीकरण | √ | × | |
| २ | एकीकृत पाठ्यक्रम (कक्षा १-३) | √ | - | |
| ३ | आधारभूत पाठ्यक्रम | √ | √ | |
| ४ | माध्यमिक पाठ्यक्रम | √ | √ | |

विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरु सकारात्मक हुँदाहुँदै पनि कार्यान्वयनका पाटोमा थुप्रै चुनौतीहरु रहेका छन् । पाठ्यक्रम तथा मूल्याङ्कनका सन्दर्भमा देखिएका मुख्य चुनैतीहरू देहायअनुसार रहेका छन् :

१. पाठ्यक्रमा आधारित शिक्षणको सुनिश्चितता गर्नु,
२. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शैक्षिक सामग्रीको प्रयाप्त व्यवस्थापन र प्रयोग गर्नु,
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास,
४. पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाहरुको अर्थपुर्ण सहभागिताको सुनिश्चितता,
५. प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, बहुभाषा प्रयोग,
६. बहुपाठ्यपुस्तक नितिको कार्यान्वयन, मुल्याङ्कन पद्धतीलाई शिक्षण सिकाइसँग जोड्न ।

### ४.१.३ समस्या

गाउँपालिकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपले तय गरेका सबै पाठ्यक्रम कार्यान्वयन तथा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेको छ । तथापि पाठ्यक्रममा आधारित सिकाइ गर्न नसकिएको विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरी सिकाइका लागि मूल्याङ्कनको सुनिश्चितता गर्न नसकिएको, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनले अपेक्षित गति लिन सकिरहेको अवस्था छैन ।

१. स्थानीय पाठ्यक्रमलाई स्थानीय पेसा व्यवसायसँग तादाम्यता दिन नसकिएको ।
२. विज्ञ शिक्षकहरुको अभाव हुनु ।
३. स्थानीय पाठ्यक्रमको आधारमा स्थानीय पाठ्यपुस्तक तयार नहुनु ।
४. १-३ को निरन्तर मुल्याङ्कनका आधारमा सहजीकरण गर्न नसक्नु ।

### ४.१.४ उद्देश्य

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका निम्न उद्देश्यहरू तय गरिएको छ :

१. पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु,
२. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु,
३. स्थानीय परिवेशमा आधारित व्यावहारिक तथा जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसमग्री विकास गरी कार्यान्वयन गर्नु,
४. परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढिकरण गर्नु,
५. सिकाइका लागि मूल्याङ्कन मार्फत परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नु,
६. कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु,
७. सिकारुहरुको सिकाइलाई निरन्तर, अद्यावधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मुल्याङ्कनको व्यवस्था गर्नु,
८. सामुदायिक विद्यालयहरुमा विज्ञान तथा प्रविधि शिक्षाको समयानुकुल विकासको लागि आवश्यक पुर्वाधारजन्य क्षमताको विकास गर्ने,
९. सामुदायिक विद्यालयहरुमा स्टेमका माध्यमबाट गणित, विज्ञान र अंग्रेजी विषयको नतिजा सुधार गर्ने,
१०. विद्यार्थीहरुलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ थप क्षमता अभिवृद्धि गर्ने,
११. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक मार्फत विभिन्न विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय क्षेत्र, स्थानीय भुगोल, आय आर्जनका तौरतरिकाहरु बारे ज्ञान दिने,
१२. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समय सापेक्ष संशोधन तथा परिमार्जन वा परिवर्तन गर्दै लैजाने।

### ४.१.५ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. पाठ्यक्रममा आधारित सिकाइको सुनिश्चितता गर्न शिक्षक अभिमुखीकरण तथा पेसागत सहयोग प्रदान गरिनेछ ।
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण तथा परिमार्जन गरी स्थानीय सरोकारवालाहरुले अपनत्व विकास गर्ने र कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेहि बनाइनेछ ।
३. विषयबस्तुलाई अन्तरसम्बन्धित बनाई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
४. विकास गरिएका पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमा सरोकारवालाहरुलाई प्रभावकारी ढंगले प्रवोधिकरण गरिनेछ ।
५. विपत्, महामारी, तथा संकटको समयमा पनि सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्दि गरिनेछ ।
६. शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरु सर्वसुलभ हुने गरी व्यवस्थापन गरिनेछ जसको लागि गाउँपालिकाको वेवसाइटमा उपलव्ध गराइनेछ ।
७. शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना सञ्चारको उचित प्रयोगद्धारा सिकाइलाई प्रभावकारी बनाइनेछ ।
८. विद्यालयहरुलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाईँदै लगिनेछ।
९. सहपाठी सिकाइ समुह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
१०. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याव र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिनेछ ।
११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आबद्ध गरिनेछ ।
१२. आधारभूत तह कक्षा ५ र ८ को स्तरीकृत परीक्षालाई सुधार गरिनेछ ।
१३. स्टेम ल्यावको अवधारणा अनुसार गणित, विज्ञान र अंग्रेजी बिषयको उपलब्धी वृद्धि गर्न शिक्षकहरुको क्षमता विकास गरिनेछ ।
१४. स्थानीय पाठ्यपुस्तक निर्माण गरी स्थानीय स्तरमा उपलव्ध भएका स्रोत सामग्री बारे प्रचार गरिनेछ।
१५. स्थानीय स्तरको सांस्कृतिक तथा धार्मिक र पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरिनेछ ।
१६. स्थानीय पाठ्यक्रम समय सापेक्ष परिमार्जन र परिवर्तन गर्दै लगिनेछ ।

### ४.१.६ उपलब्धि

पाठ्यक्रम, पाठ्यपुस्क तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन भई सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

**प्रमुख नतिजा**

१. पाठ्यक्रममा आधारित सिकाइका लागि शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना भएको हुने ।
२. विद्यार्थी भर्ना हुनासाथ पूरा सेट पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता भएको हुने ।
३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्व दर्शाउने ।
४. कक्षा १-३ को एकिकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सीपहरु कार्यान्वयन हुने ।
५. स्टेम ल्यावको अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित, विज्ञान र अंग्रेजी विषयको उपलब्धि स्तरमा सुधार हुने ।
६. सिकाइ क्रियाकलाप बालमैत्री र स्थानीय परिवेश तथा आवश्यकता अनुसार हुने ।
७. सूचना, सञ्चार र प्रविधिमा आधारित शिक्षणले कक्षागत र तहगत सिकाइ उपलब्धि वृद्धि हुने ।
८. मौलिक भेषभुषा अनुसार विभिन्न जातजातीका पहिचान र प्रचारप्रसार हुने ।
९. बालविकास देखि कक्षा १२ सम्मका पाठ्यक्रमहरु सुचारु तरिकाले कार्यान्वयन हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप हरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित बजेट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | | १ | २ | ३ | ४ | ५ |
| १. | निःशुल्क पाठ्यपुस्तक वितरण | सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन भित्र पद स्वीकृति, भर्ना, छनौट, सरुवा, बढुवा, वृत्ति विकास, शिक्षकको सेवा सर्त सम्बन्धि सम्पूर्ण कार्यहरु पर्दछन् । स्वीकृति शिक्षाको उपक्षेत्रगत रूपमा शिक्षक विकास र व्यवस्थापनको आवश्यकता र महत्त्व पनि एक हो । संसारमा ज्ञान, सीप र प्रविधिको तीव्र विकास भइरहेको छ । बालबालिकाहरूमा नयाँ-नयाँ ज्ञान, सीप र प्रविधिमा सक्षम बनाउनु शिक्षाको उद्देश्य

रहेको हुन्छ । त्यसकारण निरन्तर रूपमा शिक्षक व्यवस्थापन र विकासको आवश्यकता हुन्छ । शिक्षक सेवा आयोगले प्रत्येकवर्ष योग्य र तालिम प्राप्त व्यक्तिहरूलाई विषयगत लाइसेन्स प्रदान गर्छ । खाली दरबन्दीमा पदपूर्तिका लागियोग्य व्यक्तिको छनौट गरेर नियुक्तिका लागि सिफारिस गरेको व्यक्तिलाई स्थानीय तहले नियुक्ति गर्दछ । बिचबिचमा अस्थायी शिक्षक नियुक्ति गर्नुपरेको अवस्थामा स्थानीयस्तरमा नियुक्ति गर्न सकिने प्रावधान पनि छ । वर्तमान कानुन अनुसार शिक्षकको वृत्तिविकास, नियुक्ति र पेसागत विकासको जिम्मेवारी स्थानीय तहले गर्ने नीतिगत व्यवस्था छ । अस्थायी शिक्षकको नियुक्ति गर्नुपर्दा समुदायका विभिन्न व्यक्ति समूहको चर्को दबाबको सामना गर्नुपर्ने अवस्था छ । शैक्षिक गुणस्तरको बारेमा समुदाय अनभिज्ञ छन् । राजनीतिक दलहरूबाट शिक्षकलाई काम लगाउने र संरक्षण दिने परिपाटीको अन्त्य भएको छैन । शिक्षकको मर्यादा गर्ने संस्कार पनि छैन । यद्यपि माथिका सबै चुनौतीको सामना गर्न विद्यमान कानुनले स्थानीय सरकारलाई अधिकार दिएको छ । यसलाई क्रमशःवस्तुगत अवस्थामा ल्याउनुपर्दछ ।

अब्बल शिक्षक बन्नका लागि सधैं जिज्ञासु, अध्ययनशिल, चारित्रिक, व्यवहारिक र मार्गदर्शक बन्न सक्नुपर्दछ र उसले सधै आधुनिक बनेर बदलिंदो विश्व परिवेशसँग सम्बन्ध गाँसेर त्यसबाट प्राप्त ज्ञान र सीपलाई कक्षा कोठामा प्रतिबिम्बन गर्न सक्नुपर्छ । विद्यार्थीलाई भविष्यको लक्ष्य निर्धारण गर्न र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी जनशक्तिको रुपमा विकास गर्न समेत शिक्षक सधैं तल्लिन रहनुपर्छ । शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालयप्रति उत्तरदायी हुनुपर्दछ । शिक्षकले नविनतम् तौरतरिका, आफ्नो विषयसँग सम्बन्धित  खोजी गरी विद्यार्थीहरुको गुणस्तर वृद्धि गर्नका लागि व्यवस्थित तरिकाले प्रयोग गर्न सक्नुपर्छ ।

### ४.२.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको आधारभूत तहमा जम्मा सञ्चालित कक्षा -

| **सामुदायिक विद्यालयमा कार्यरत शिक्षक** | **महिला** | **पुरुष** | **जम्मा** | **सामुदायिक विद्यालयको विद्यार्थी** | | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|---|
| आधारभू तह | १३८ | ७७ | २१५ | १८८७ | | १:९ |
| माध्यमिक तह | ९ | २५ | ३४ | ५१५ | | १:१५ |
| कुल जम्मा | १४७ | १०२ | २४९ | २४०२ | | |

माथिको तालिका विश्लेषण गर्दा सामुदायिक विद्यालयमा आधारभूत तहमा महिला १३८ र पुरुष ७७ जना कार्यरत छन् भने माध्यमिक तहमा ९ जना महिला र २५ जना पुरुष शिक्षकहरु कार्यरत रहेको देखिन्छ

। सरकारी दरबन्दी, शिक्षण सिकाइ अनुदान, गा.पा. अनुदानमा कार्यरत शिक्षकहरुको विवरण पनि समावेश गरिएको छ ।

### ४.२.३ लक्ष्यहरु

गुणस्तरीय शिक्षाका लागि योग्य , व्यावसायिक रूपमा दक्ष ,पेसाप्रति उत्प्रेरित समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही, नविनतम चिन्तन भएको शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।

### ४.२.४ उद्देश्यहरू

१. सक्षम शिक्षक आपूर्तिका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्नु,
२. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम आपुर्ती गर्नु,
३. शिक्षकको करार छनौट, नियुक्ति प्रक्रियालाई सुदृढ बनाउनु,
४. सबै तहको योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु ,
५. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु,
६. पेशागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्द र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्नु,
७. गाउँपालिकामा कार्यरत प्रत्येक शिक्षकलाई हुने गरी ल्यापटपको व्यवस्था गर्नु,
८. शिक्षक सक्षमता प्रारुप २०७२ ले उल्लेख गरेका सक्षमताका आधारमा सक्षम शिक्षक प्रवन्ध गर्नु,
९. वैज्ञानिक र नविनतम चिन्तन भएको अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने किसिमको जनशक्ति उत्पादन गर्न सक्ने शिक्षक बन्नु,
१०. सुपरिवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेहि बनाउनु,
११. शिक्षकको पेशागत विकास लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय शैक्षिक संस्थाहरुसंग सञ्जाल विकास र अन्वेषण गर्नु,
१२. आवश्यक प्रोत्साहन, सिकाइ अनुभव आदानप्रदान कार्यक्रम, निरन्तर पेशागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,

### ४.२.५ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारुपलाई अध्यावधिक गरी शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न संघीय तथा प्रदेश सरकारमा अनुरोध गरिनेछ ।

२. वर्तमान शिक्षक र शिक्षा कार्यक्रमलाई पुनरावलोकनका लागि संघीय सरकारसँग अनुरोध गरिनेछ।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत, र विषयगत रुपमा दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिनेछ ।

४. प्रारम्भिक बालविकास र पुर्वप्राथमिक शिक्षा कक्षा १-३ को लागि कक्षा १२ उत्तिर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तिर्ण र कक्षा ९-१२ का लागि स्नाकोत्तर उत्तिर्ण गरेको शिक्षकको योग्यता कायम हुने गरी कानुनी व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गरिनेछ ।

५. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपुर्ती हुने व्यवस्थापनका लागि गाउँपालिकास्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ ।

६. उच्च कार्यसम्पादन गर्ने शिक्षक र विद्यालयहरुका प्रोत्साहन र पुरस्कृत हुने व्यवस्था गरिनेछ ।

७. नवप्रवेशी शिक्षकहरुका लागि अभिमूखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

८. शिक्षकले कक्षामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाइनेछ ।

९. विद्यार्थीको शैक्षिक उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग जोडिनेछ ।

१०. शिक्षकको सर्वाङ्गिण विकासको लागि आवश्यक क्षेत्रहरुमा (खेलकुद, संगीत, शैक्षिक सामग्री निर्माण) प्रयाप्त प्रशिक्षण गरिनेछ ।

११. क्षमतावान शिक्षकलाई भरपुर रुपमा उपयोग गर्न सकिने अनुकुल वातावरण सिर्जना गरी गाउँपालिका भरका कार्यरत बाहेकका विद्यालयहरुमा अनुभव आदानप्रदान गर्ने व्यवस्था गरिनेछ।

१२. आर्थिक स्रोतको व्यवस्थापन गरि एक शिक्षक एक ल्यापटप कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१३. शिक्षक व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिनेछ ।

१४. सुत्केरी, सुत्केरी स्याहार वा अन्य लामो बिदामा रहनुपर्ने शिक्षकको अवस्थालाई मध्यनजर गर्दै विशेष कार्यविधि बनाई गाउँपालिकाबाट अल्पकालीन समयावधिका लागि कार्यविधि बनाई शिक्षक व्यवस्थापन गरिनेछ ।

**उपलब्धि**

सक्षम, योग्य, उत्तरदायी, अभिप्रेरित, नविनतम चिन्तन भएको शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**नतिजा**

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयार, छनौट र पेसागत विकास हुने ।
२. सवै विद्यार्थीहरुमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुने ।
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने ।
४. अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण, सूचना सम्प्रेशनमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने ।
५. शिक्षकहरुमा सूचना प्रविधि मैत्री शिक्षण क्षमता विकास भएको हुने ।
६. विद्यार्थीहरुको सिकाइ प्रभावकारी , समय सान्दर्भिक र गुणस्तरीय हुने ।
७. विद्यालय कक्षाकोठाहरु सुचना प्रविधिमैत्री हुने ।
८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने ।
९. स्रोत शिक्षकको अनुभव आदानप्रदानद्धारा विद्यालयको नतिजा तथा अन्य शैक्षिक गतिविधिमा उल्लेख्य सुधार हुने ।
१०. विद्यार्थीको नतिजा, विद्यालयमा हुने गतिविधि, विद्यालयको योजना तथा कार्यक्रम साथै अभिभावक सुझाव र अपेक्षालाई विद्युतीय एप बनाई आदानप्रदान गर्न सकिने ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक | अनुमानित वजेट ( हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | १ | २ | ३ | ४ | ५ |
| १. | शिक्षकले सिकाइ क्रियाकलापमा बिताउने समय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | | | | | |
| २. | एक शिक्षक एक ल्यापटप | प्रति बिद्यालय (मा बि) | - | ५ | ५ | ५ | ६ | | | - | २०० | २०० | २०० | २४० |
| ३. | उत्कृष्ट शिक्षक प्रोत्साहन | तहगत | - | २ | २ | २ | २ | | | - | २० | २० | २० | २० |
| ४. | खेल सामग्री र पोशाक | विद्यालय सङ्ख्या | - | ३३ | ३३ | ३३ | ३३ | | | - | ३३० | ३३० | ३३० | ३३० |
| ५. | अल्पकालिन शिक्षक व्यवस्थापन | प्रतिवर्ष शिक्षक सङ्ख्या | - | २ | २ | २ | २ | | | - | ७२० | ७२० | ७२० | ७२० |
| ६. | उत्कृष्ट शिक्षकबाट बिद्यालय अनुभव आदानप्रदान | पटक | - | २ | २ | २ | २ | | | - | ४० | ४० | ४० | ४० |
| ७. | नवप्रवेशी शिक्षकका लागि अभिमूखीकरण कार्यक्रम | पटक | - | १ | १ | १ | १ | | | - | १० | १० | १० | १० |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिकतथा जातीय समुदायहरूको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय ,नेपाली बाहेकका मातृभाषा समुदाय, अल्पसंख्यक, सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच सहभागिता र उपलब्धिमा देखिने गरेको छ। त्यसैगरी भौगोलिक तथा क्षेत्रगत , , आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ । विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागि बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ । विभेदका कारकतत्वलाई सम्वोधन गरी प्रमाणमा आधारीत ( आर्थिक अवस्था, सामाजिक क्षमता, स्थान, जाती, लिङ्ग आदि) सन्दर्भ अनुसारको अनुकुलित विधि अपनाई बालबालिकाहरुले पहुँच , सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ। एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्क सहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ। यसमा जातीगत तथा भाषिक , ताअपाङ्ग ,लैङ्गिक , विपन्नता, भौगोलिक, सङ्कटापन्न स्थितिमा रहेका तथा अन्य कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

यस रघुगंगा गाउँपालिकामा अध्ययनरत २४०२ विद्यार्थीहरु मध्ये ५६१ दलित विद्यार्थीको भर्नादर २३.३५ % प्रतिशत, जनजाति ५९४ विद्यार्थीको २४.७३ प्रतिशत, दृष्टिविहिन, अपाङ्गता भएका विद्यार्थीको संख्या १० रहेको छ । पिछडिएको समुदायबाट नगन्य विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विद्यार्थी भर्नामा समता दर सामान्य रहेको छ । कूल विद्यार्थी मध्ये छात्राको भर्नादर ४९.३७ प्रतिशत र छात्रको भर्नादर ५०.६३ प्रतिशत रहेको छ ।अपाङ्गता भएका विद्यार्थीको शैक्षिक प्रवन्धका लागि यस पालिकामा एउटा स्रोत कक्षा रहेको छ । विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार , माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रबन्ध, प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय खाजा कार्यक्रम विस्तारजस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो ।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र नि शुल्क हुनेसबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा नि२०७५शुल्क शिक्षा ऐन :, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निशुल्क शिक्षा नियमावलीः, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्करूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतिपूर्ण रहेको छ।

### ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु ।

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाइनेछ । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गरिनेछ ।

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गरिनेछ ।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।

६. आाधारभूत तहमा मातृभाषास्थानीय भाषा वा बहुभाषा प्रयोग गरी स ,सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिइनेछ ।

७. पाठ्यक्रममा स्थानीय भाषा, ब्रेललिपी, संस्कृति, भूगोल ,वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गरिनेछ ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

### ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

लैङ्गिकता, जातीय, अपाङ्गता, आर्थिक, सामाजिक, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुनेछ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १ | | २ | | | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ४ | अपाङ्गता भएका विद्यार्थीको संख्या | | १८ | १८ | १८ | १८ | |
| ५ | विशेष विद्यालय/स्रोत कक्षा संख्या | १ | १ | १ | १ | १ | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुखक्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सो का आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | | |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | | | | | | | | | |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह,लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | वडागत | | ८ | ८ | ८ | ८ | ८ | ३२ | |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | - | - | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शिक्षा मातृभाषा/बहुभाषामा पाउने व्यवस्था गर्ने | - | - | - | - | - | १ | १ | २ | |
| ६ | मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण | - | - | - | - | - | १ | १ | २ | |
| ७ | दुर्गम क्षेत्रका तथा अन्य लक्षित समूहका लागि आवासीय सुविधाको व्यवस्था। | - | - | १ | २ | - | ३ | - | ६ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि केही सिमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।यो कार्यक्रम विशेषगरी कर्णाली र सुदूरपश्चिम क्षेत्रमा केन्द्रित रहेकोमा सन् २००८ देखि छनोट गरिएकाप्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा (वार्षिक १८० दिन) कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएकोछ । आ.ब. ०७७-०७८ मा दिवाखाजाको शुरुवाट गरिएकोमा त्यसको पछिल्लो वर्ष आ.ब. २०७९-०८० मा यसलाई विस्तार गरी कक्षा ६ सम्म पुर्याइएको थियो। आ.ब. ०८०-०८१ मा कक्षा ६ लाई कटौती गरिएको छ भने आ.ब. ०८१-०८२ को सरकारको निति तथा कार्यक्रममा कक्षा ६ सम्म पुर्याउने योजना समावेश गरेता पनि कार्यान्वयन गरिएको छैन ।

### ४.४.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवा खाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको विद्यालयहरुद्धारा व्यवस्थापन गरी खुवाउँदै आइरहेका छन् ।

विद्यार्थीको स्वास्थ्य तथा सरसफाईका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालनमा ल्याइएको छ । सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन् । अझै पनि सबै विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाईयुक्त शौचालयको व्यवस्था हुन सकेको छैन । साथै दिवा खाजाको तोकिएको रकम पनि प्रयाप्तता देखिँदैन ।

### ४.४.३ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. दिवा खाजाको लागि स्थानीय स्तरबाट थप बजेट व्यबस्थापन गर्नु ।

### ४.४.४ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ ।

२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गरिनेछ ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ ।

४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनेछ ।

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिइनेछ ।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिनेछ ।

७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाइनेछ ।

८. प्रत्येक विद्यालय भित्र नै चमेनागृह सञ्चालन, जनशक्ति व्यबस्थापन साथै दिवा खाजामा थप रकम व्यवस्थापन स्थानीय तहबाट गरिनेछ ।

### ४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. गम्भीर रोगबाट सुरक्षित भई पर्याप्त पोषणका साथ बालबालिकाहरू स्वस्थ रूपमा विद्यालयमा सहभागी भएको हुनेछ।

२. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | सूचक | आधार वर्ष (০८০/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट; जुकाका चक्की वितरण गर्ने विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय संख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा ५ सम्म | ५ | ५ | ५ | ५ | ५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २ | ४ | ९ | १४ | २४ | ३४ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | | | ४ | ९ | १४ | १४ |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष (५) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय संख्या | - | १० | ५ | १० | ५ | ३० | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | प्रतिशत | - | १०० | १०० | १०० | १०० | १०० | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष (५) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | - | १ | १ | १ | १ | ५ | | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | | | | | | | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | प्रतिशत | ३० | २५ | ३० | १५ | १०० | | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीनतथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । भूकम्प, बाढी, पहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरतायस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपतकाल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ ।

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति,२०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेद लगायतका गैर संरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ ।

**यस गाउँपालिकामा प्रमूख रूपमा बाढी, पहिरो, भुकम्प, हावाहुरी, आगलागी, अति चिसो, हिमपात, चट्याङ् लगायतका विषयहरु बढी जोखिमपूर्ण रहेको छ । यसमा देखिएका प्रमुख चुनौतिहरूमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने, यसका लागि छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने, यस योजनामा प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन् । शिक्षा क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ ।**

### ४.५.३ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु,
४. अति चिसो तथा हिमपातवाट प्रभावित क्षेत्रमा रहेको विद्यालयको बालबालिकाहरुलाई न्यानो कपडा वितरण गर्नु ।

## ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरिनेछ ।
२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा शिक्षक विद्यार्थी तथा अभिभावकलाई जानकारी गरिनेछ ।
३. प्राकृतिक प्रकोप तथा विभिन्न समयमा देखा पर्ने महामारीबाट बच्न पुर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरिनेछ ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको बारेमा तयारी गरिनेछ ।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।
६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरिनेछ ।
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गरिनेछ ।
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।
९. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ ।
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास भएको हुने छ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।
४. अति चिसो तथा हल्का हिमपात भएको समयमा समेत बालबालिकामा शिक्षण सिकाइ निरन्तर रहनेछ ।

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६. १ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्दछ । शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६. २ वर्तमान अवस्था

यस रघुगंगा गाउँपालिकामा सञ्चालित ३४ विद्यालयहरुमध्ये केही विद्यालयमा पर्याप्त भौतिक सुविधा पुगेका विद्यालय छन् । उक्त विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुविधा उपलब्ध छन् । अझैपनि १० ओटा भन्दा बढी विद्यालयमा आवश्यकता अनुसार विद्यालय भवन/कक्षाकोठा पुगेको छैन । विगतमा बाढी तथा पैह्रोबाट ४ ओटा विद्यालय क्षति भएका छन् । सबै विद्यालयका भवन भुकम्प प्रतिरोधि प्रविधिमा निर्माण भएका छैनन् । आगामी ५ वर्षमा पालिका भित्रको अधिकांश विद्यालयमा तत्काल १० ओटा भवन निर्माण गरी कक्षाकोठा थप गर्नु पर्ने अवस्था रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, स्तनपान कक्ष, चेन्जीङ रुम) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ ।

भवन संहिता अनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ । विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै

आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, शौचालय नबनेका वा पर्याप्त नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबार तथा खेल मैदान नबनेका, स्यानीटरी प्याड डिस्पोजलको लागि संरचनाहरू समावेशी तथा अपाङ्ता मैत्री नभएका देखिन्छन् ।

### ४.६. ३ उद्देश्य

१. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु ।

### ४.६. ४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ ।

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गरिनेछ ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाइनेछ ।

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गरिनेछ ।

### ४.६. ५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने ।

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ (शिक्षा मन्त्रालय, २०१३) । शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना, २०१३ ले चारओटा प्राथमिकताका क्षेत्रहरूः (क) सूचना तथा सञ्चारका लागि संरचना (जडान, सामग्री, तथ्याङ्क) निर्माण (ख) मानव संशाधनको विकास (ग) डिजिटल सामग्रीको विकास र (घ) शिक्षण विधि र व्यवस्थापनको सुधार,पहिचान गरेको छ । उक्त गुरुयोजनाले यी चारओटा क्षेत्रका रणनीति, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरेको छ । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेकाले वर्तमानको आवश्यकताअनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँचशिक्षक,को क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन् ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षौपिच्छे सुधार हुँदै गएको रधेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् रज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन् । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन् ।

शैक्षिक तथ्याङ्क २०८० को प्रतिवेदन अनुसार यस रघुगंगा गाउँपालिकामा सञ्चालित ३४ वटा विद्यालयमध्ये सबै विद्यालयमा विद्युत सुबिधा पुगेको छ । १० वटा विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने १० वटा विद्यालयमा इन्टरनेट जडान गरिएको छ । इन्टरनेट जडान सहित

कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ । सबै शिक्षकहरुलाई कम्प्युटरसम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४.७.३ उद्देश्य

यस शिक्षा योजनाले शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.७.४ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर क्रियात्मक डिजिटल सामग्रीको प्रयोग गरिनेछ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गरिनेछ ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गरिनेछ ।

### ४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
३. सवै शिक्षक तथा विद्यार्ती सुचना तथा सञ्चार प्रविधिको आधारभूत ज्ञान हासिल गरेका हुनेछन् ।
४. विद्यालय लामो समय विदा हुने अवस्था वा शिक्षक अनुपस्थिति हुने समयमा भर्चुअल कक्षा सञ्चालन भई पठनपाठनमा सुधार भएको छ ।

## परिच्छेद पाँचः  उच्च शिक्षा

### ५. १ परिचय

माध्यमिक तहको अध्ययन भन्दा माथि विश्वविद्यालय स्तरको शिक्षा जसले मध्यम र उच्च दक्ष जनशक्ति उत्पादनको लागि सहयोग गर्दछ त्यसलाई उच्च शिक्षा मानिन्छ । रघुगंगा गाउँपालिका सहरीकरण र जनघनत्व दुवै तीव्रतर बढेको छ । साथै यस पालिकामा भौतिक पूर्वाधार विकास, उद्योग, पर्यटन, कृषि, व्यापार, सूचना प्रविधि, वित्तीय क्षेत्रमा समेत द्रुत गतिमा अगाडि बढ्दैछ । व्यवस्थित विकास गर्न, विकासका अनुभूति आम नागरिकसम्म पुऱ्याउनरनागरिकको जीवनस्तर सुधार गर्दै समृद्ध बनाउन ठुलो संरचनामा मध्यम र उच्चदक्ष जनसङ्ख्याको आवश्यकता महसुस भएकोछ । विकासको साधन र साध्य दुवै जनशक्ति हुन्। वर्तमान संवैधानिक व्यवस्था अनुसार उच्चशिक्षाको व्यवस्थापकीय अधिकार प्रदेश र संघको हुने भएकोले स्थानीय तहले केवल समन्वय, सहयोग र नियमनकारी भूमिका मात्र खेल्न सक्छ । माध्यमिक तह उत्तीर्ण नागरिकको उच्च शिक्षा प्रवेशमा असर पुऱ्याउन सक्छ । आवश्यकता अनुसार उच्च शिक्षामा भौतिक पूर्वाधार विकास जनशक्ति व्यवस्थापन उच्च शिक्षण संस्था स्थापना र विस्तार जस्ता कार्यमा गाउँ पालिकाको सहकार्य हुनसक्छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा उच्च शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि उच्च शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ।

### ५. २ लक्ष्य

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामा अध्ययन गर्न प्रोत्साहित गर्ने ।

### ५. ३ उद्देश्य

१. उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।
२. उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।

### ५. ४ रणनीतिहरू

१. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गरिनेछ ।
२. उच्च शिक्षा अध्ययनको लागि आर्थिक अवस्थालाई मध्यनजर गरी गाउँपालिकाबाट छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
३. अध्ययन पश्चात गाउँपालिका भित्रै काम गर्न प्रोत्साहित गरिनेछ ।

# परिच्छेद ६ः सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोधविधिको शासन समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाको उद्धेश्य प्राप्तिमा सहयोग पु¥याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भइ कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था,उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सात ओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता

### ६.१.१ परिचय

यस रघुगंगा गाउँपालिकाले आफ्नो सेवाक्षेत्र भित्र सञ्चालित विद्यालय प्रशासनलाई स्वच्छ, सक्षम, भेदभाव रहित, पारदर्शी, जनउत्तदायी, जवाफदेही एवम् सहभागितामूलक बनाउदै गुणस्तरीय शिक्षामा सबैको लागि समान र सहज पहुँच सुनिश्चित गर्दै अगाडि बढेको छ। सोही अवधारणा अनुसार विद्यालयका गतिविधिहरु

अगाडी बढेका छन् । अधिकांश बिद्यालयहरु व्यवस्थित रुपमा सञ्चालन भइरहँदा यस पालिका भित्रका केहि विद्यालयहरु अझै पनि विभिन्न खालका आन्तरिक समस्याहरु झेलिरहेका छन् ।

### ६.१.२ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरु तोकेको छ । यी कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना गरिसकेका छन् ।

सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ । प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ ।

**साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय इकाइमा रुपान्तरण भएका छन्। यिनले सङ्घीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा काम गर्छन् । स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था छ। स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाको कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ। सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम  तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ ।**

### ६.१.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
४. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु,
५. विद्यालयका हरेक गतिविधिमा प्रादेशिता कायम गर्नु,
६. समयानुकुल बिद्यालयको अनुगमन, सुपरीवेक्षण गरी पृष्ठपोषण गर्नु,
७. विद्यालयका हरेक गतिविधि सम्पन्न गर्न कामको न्यायोचित बाँडफाँड गर्नु,
८. शैक्षिक सेवाप्रवाहको गुणस्तर अभिवृद्धि गर्नु ।

## ६.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।

२. समयानुकुल विद्यालय अनुगमन र सुपरिवेक्षण गरी सुधारका सुझावहरु दिइनेछ ।

३. विद्यालयको सबै प्रकारका गतिबिधि सम्पन्न गर्ने कामको न्यायोचित वितरण गरिनेछ ।

४. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गरिनेछ ।

५. कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ ।

६. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिनेछ ।

७. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ ।

८. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गरिनेछ ।

९. प्रधानाध्यापक शिक्षक तथा कर्मचारीको व्यवस्था तथा कार्य विवरण अनुसार काम भएको सुनिश्चितन गरिनेछ ।

१०. विद्यालयका सम्पुर्ण आर्थिक कारोबारलाई नगदरहित बनाइनेछ ।

## ६.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. स्थानीयतहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।

२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

४. विद्यालय व्यवस्थापनमा पृष्ठपोषण प्राप्त भइ सुशासनको प्रत्याभूति हुने ।

५. डिजिटल कारोबारले आर्थिक पारदर्शीता कायम हुने ।

## ६. २ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६. २. १ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्तर सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ । योजनाको कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्वको संरचना पर्दछन । यस अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।

### ६. २. २ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भईरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीयतहलाई विद्यालय शिक्षाका सरोकारवालाहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरु भैरहेका छन् । साथैशिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्तिसमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्नेजस्ता कार्यहरु विद्यालयस्तरबाट हुँदै आएको छ ।

## ६.२.३ उद्देश्य

१. स्थानीय तहको कार्यक्षेत्र भित्रका विद्यालयको शैक्षिक स्तर वृद्धि गर्नु ।
२. विद्यालयको प्रशासन, वि.व्य.स. तथा शिक्षकलाई जवाफदेही बनाउनु ।
३. स्थानीय सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी सुनिश्चित गर्नु ।
४. समुदाय तथा अभिभावकको शिक्षा प्रति दृष्टिकोण बदल्नु ।
५. स्थानीय तह विद्यालय र समुदाय विच सम्वन्ध स्थापित गर्नु ।
६. विद्यालय बाहिर रहेका अपाङ्ग, अल्पसंख्यक, सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई पूर्णरुपमा शिक्षाको मूलधारमा ल्याउनु ।
७. विद्यालय सुशासन तथा आर्थिक पारदर्शिता कायम गर्नु ।
८. विद्यालयका भौतिक संरचना अपाङ्गमैत्री, समयानुकुल बालमैत्री भई सुविधा सम्पन्न बन्नु ।
९. सुचना तथा सञ्चार सहित प्रविधिमा सम्पुर्ण विद्यालयलाई जोड्नु ।
१०. यस स्थानीय तहको कार्यक्षेत्र भित्रका विद्यालयको उत्पादनलाई अन्य पालिका तथा राष्ट्रिय, अन्तरराष्ट्रिय स्तरको जनशक्ति संग प्रतिस्पर्धी बनाई कार्यक्षेत्र वाहिरका वालवालिकाको समेत शैक्षिक गन्तव्य रघुगंगा गा पा बनाउनु ।
११. उत्पादित शैक्षिक जनशक्तिमा राष्ट्रप्रेम जगाइ स्थानीय स्रोत साधन, प्राकृतिक सम्पदा, स्थानीय ज्ञान सीपको उपयोग गरी आर्थिक क्रियाकलापमा जोड्नु ।

### ६.२.४ रणनीति

१. स्थानीय तहका कार्यक्षेत्र भित्रका विद्यालयको शैक्षिकस्तर वृद्धि गरिनेछ ।
२. विद्यालय प्रति प्रशासन, वि.व्य.स. शि.अ.सं. तथा शिक्षकलाई जवाफदेही बनाईनेछ ।
३. विभिन्न तहले शिक्षाक्षेत्रमा गरेको लगानी सुनिश्चित गर्न समुदाय र अभिभावकको दृष्टिकोण परिवर्तन गराइनेछ ।
४. विद्यालय बाहिर रहेका अपाङ्ग, अल्पसंख्यक, सिमान्तकृत समुदायका बालबालिकाहरुलाई शिक्षाको मुलधारमा समाहित गरिनेछ ।
५. स्थानीय तह , शैक्षिक संस्था र समुदाय विच सुमधुर सम्वन्ध स्थापित गरिनेछ ।
६. विद्यालयमा आर्थिक पारदर्शिता कायम गरी सुशासन कायम गर्न आवश्यक सफ्टवयर समेत बनाइ लागु गरिनेछ ।
७. विद्यालयका भौतिक संरचनाहरु वालमैत्री, अपाङ्ग मैत्री, सिकाइ मैत्री तथा समयानुकुल सुविधा सम्पन्न बनाइनेछ ।
८. स्थानीय तहको कार्यक्षेत्र भित्रका विद्यालयवाट उत्पादित जनशक्ति राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाइनेछ ।
९. उत्पादित शैक्षिक जनशक्ति राष्ट्रप्रेमी बनाइनेछ ।
१०. प्राकृतिक स्रोत साधन, स्थानीय सीप, तथा प्रविधिलाई उपयोग गरी आर्थिक गतिविधिमा जोडिनेछ ।
११. रघुगंगा गाउँपालिका भित्रका विद्यालय कार्यक्षेत्र गाउँपालिका बाहिरका बालालिकाहरुको समेत रोजाइको केन्द्र बनाइनेछ ।
१२. विद्यालयको सरोकारहरुलाई थप जिम्मेवार, उत्तरदायी बनाइ विद्यालयप्रति सकारात्मक सोच राख्ने व्यक्तित्वका रुपमा विकास गरिनेछ ।
१३. कार्यक्षेत्र भित्रका विद्यालयहरुलाई आधुनिक विधि, प्रविधि र शैक्षिक सामग्रीले सुसज्जीत बनाइनेछ ।

# परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

देश विकासको लागि "शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो" भनिन्छ । दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ । नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ । शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन । अहिलेको विद्यालय शिक्षा क्षेत्र योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ ।

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति-२०७६ र विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ ले पनि यसै कुरालाई पछ्याएको छ ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ । तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ । परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलब्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ ।

नेपालको संघीयताको कार्यान्वयन पश्चात शिक्षा सम्बन्धित काम कर्तव्य र अधिकार विभाजन भएको छ । संघ, प्रदेश र स्थानीय तहको कार्य विभाजन भै स्थानीय तहलाई पनि बमोजिम काम कर्तव्य र अधिकार प्रत्यायोजन गरको छ । सोही अनुसार माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिइएकाले स्थानीय तहले पनि माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्न लगानी र स्रोत व्यवस्थापन गरिरहेको छ । तर भने अझै भएको छैन ।

## ७.२ वर्तमान अवस्था

विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रम प्रमुखरूपमा सशर्त अनुदानबाट संघीय सरकारले उपलब्ध गराउँदै आएको छ । सशर्त अनुदानका अतिरिक्त प्रदेश सरकारबाट विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । स्थानीय तहबाट समानीकरण अनुदान तथा आन्तरिक स्रोतबाट शैक्षिक सुधारका लागि बजेट व्यवस्था हुँदै आएको छ । समग्रमा स्थानीय तहको कूल बजेट मध्ये शिक्षा क्षेत्रमा झण्डै ५० प्रतिशत बजेट सशर्त अनुदानको रूपमा प्राप्त हुँदै आएको छ भनें स्थानीय तहबाट ५ देखि ७ प्रतिशत बजेट शिक्षा क्षेत्रमा प्राप्त हुने गरेको छ । विभिन्न गैर सरकारी संघ संस्थाबाट र अभिभावकबाट उपलब्ध हुने बजेटको व्यवस्थित लेखाङ्कन हुन सकेको छैन । विगत तीन वर्षमा शिक्षाका लागि उपलब्ध बजेटको अवस्था देहाय अनुसार रहेको छ ।

| आ.व. | बजेटका स्रोत र प्रतिशत | | | |
|---|---|---|---|---|
| | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह (समानीकरण अनुदान र आन्तरिक स्रोतबाट) | अन्य क्षेत्र (उपलब्ध भएको अवस्थामा) |
| २०८१/८२ | ८४ | १ | १४ | १ |
| २०८०/८१ | ७६.५ | २.५ | २० | १ |
| २०७९/८० | ७५ | - | २३ | २ |

## ७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु,
४. सिमित स्रोत र साधनको बाबजुद अधिकतम सदुपयोग गरी विद्यालय शिक्षा सुधार गर्नु ।

## ७.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गरिनेछ ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाइनेछ ।
३. वार्षिक रूपमा आन्तरिक स्रोतबाट प्राप्त हुने २०% प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ ।
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
८. स्रोत साधन को अधिकतम उपयोगिताको निति अवलम्बन गरिनेछ ।
९. आवश्यकता पहिचान गरी लगानी व्यवस्थापन गरिनेछ ।
१०.शिक्षा क्षेत्रको लगानी वृद्धि गर्ने थप स्रोतको खोजी गरिनेछ ।

## ७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु,
४. शिक्षा क्षेत्रमा लगानी वृद्धि हुनु ।

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

## ८. १ परिचय

यस रघुगंगा गाउँपालिकाको शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा वास्तविकता बुझी भविष्यको योजना निर्माणमा सघाउ पुऱ्याउँछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन लगानी, प्रक्रिया र उत्पादनसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण र उद्देश्यमुलक बनाउन सहयोग गर्छ ।

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धताअनुरूप स्थानीय तहले शिक्षा योजनाको अनुगमन गर्दा कम्तीमा पनि निम्न पक्षको अनुगमन गर्नुपर्छः

- अनुगमन संयन्त्रको व्यवस्था
- एकीकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित
- नतिजामा आधारित अनुगमन
- शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

## ८.२ वर्तमान अवस्था

रघुगंगा गा पा को शिक्षा क्षेत्रमा अनुगमन तथा मूल्याङ्कनको सन्दर्भमा समय समयमा गाउँ शिक्षा समिति मार्फत औपचारिक तथा अनौपचारिक रुपमा विद्यालयहरुको शैक्षिक, भौतिक तथा अन्य विविध पक्षमा विद्यालय नै उपस्थित भइ अनुगमन भइरहेको छ । अनुगमनका क्रममा विद्यालयमा भएका असल अभ्यासहरु भौतिक तथा शैक्षिक क्षेत्रमा देखिने गरी भएका प्रगतीहरु साथै थप सुधार गर्नुपर्ने पक्षहरुलाई समेत सुझावका रुपमा उल्लेख गर्ने गरिएको छ । अनुगमन पश्चात गरिएको मूल्याङकनका आधारमा विद्यालयको आवश्यकतालाई समेत पहिचान गरी वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट विनियोजनमा समेत सन्तुलन कायम गरिएको छ । विद्यालयको मूल्याङ्कन शिक्षा समितिको अतिरिक्त जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, वडा समिति तथा मूल्याङकन गर्ने गरिएको छ ।

अनुगमनका क्रममा अनुगमनकारी तथा मूल्याङकनकर्ताहरुले वर्तमान परिप्रेक्ष्यमा आधुनिकताको प्रयोग गर्ने गरेको पाइन्छ । जसले गर्दा शैक्षिक संस्थाहरुको उपलव्धि हासिल गर्नमा महत्वपुर्ण भूमिका खेलेको छ । सिमित स्रोत र साधनको बाबजुद संयन्त्रकारी निकायहरुको मूल्याङ्कन व्यवस्थित गर्न खोजिएता पनि त्यति प्रयाप्त भने देखिएको छैन ।

## ८. ३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
४. वर्तमान अवस्थाको वास्तविकता पहिचान गरी भविष्यका लागि थप योजना निर्माण गर्नु,
५. राज्यका विभिन्न निकायद्धारा तयार गरी कार्यान्वयनमा रहेका योजना तथा नीतिहरुको प्रभावकारीता लेखाजोखा गर्नु,
६. नेतृत्वलाई परामर्श प्रदान गरी आगामी दिनमा थप जिम्मेवार बनाउनु ।

## ८. ४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ ।

४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गरिनेछ ।
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनावा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गरिनेछ ।
७. कुशल नेतृत्वका लागि कार्यसम्पादनमा आइपरेका समस्याहरुलाई निराकरण गरि प्रशिक्षित बनाइनेछ ।
८. विभिन्न निकायहरुले समय समयमा अद्यावधिक गरेका नीति नियमहरुका बारेमा सुसुचित गराइनेछ ।

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।
४. नयाँ व्यवस्था भएका ऐन, नियमावलीका बारेमा अद्यावधिक हुनेछन् ।
५. अनुगमन पश्चात दिइएका सुझावहरु प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
६. विद्यालयमा सञ्चालित शैक्षिक भौतिक तथा आर्थिक पक्षहरुको अवस्था चुस्तदुरुस्त हुनेछ ।

### नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।